www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- २१, २०८० साल पुस १७ गते मंगलबार (Jan 02, 2024) www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**


## राजा वीरेन्द्रको जीवनी पठ्यक्रममा राख्नु पर्नेः धमलाको जोड

**काठमाडौं–** राजा वीरेन्द्रको आवश्यकत र अपिहार्यता झनै खड्किदै गएको सरोकारवालाहरुले बताएका छन् ।

स्वर्गीय राजावीरेन्द्र शान्ति प्रतिष्ठानले आयोजना गरेको राजाबीरेन्द्रको ७९औं जन्म जयन्तिको अवसरमा ललितपुरको जावलाखेल स्थित शालिकमा माल्र्यापणसहित दिप प्रज्वलन कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ सञ्चार उद्यमी उज्जल जंङ्गपराक्र मशाहले विश्वशान्तिका दुत एवं विकास र जनता प्रेमी राजावीरेन्द्रको आवश्यकता र अपिहार्यता आज झनै खड्किदै गएको बताए ।



राजावीरेन्द्र आज पनि अधिकांश नेपालीको हृदयमा उत्तिकै सम्मानित र स्मरणीय रहको बताउँदै उहाँले राष्ट्र प्रेमी राजावीरेन्द्रको वंश नास गर्ने हत्यारालाई कारवाही गर्न' पर्ने बताए । देश भ्रष्टाचारले जजर हुँदै गएको हुँदा राजा वीरेन्द्रको गरेको विकास, विश्वशान्तिको लागि गरेको त्यागको अनुशरण गर्नु पर्ने बताए । आज जनताले धैरे सास्ती व्यहोर्नु परेको छ ।

जनतालाई काढा घोच्नु भनेको मलाई घोच्नु हो भन्ने, जनतालाई परेको समस्या आफ्नै हो भनि बुझ्ने राजवीरेन्द्र भएको

» बाकी ६ पृष्ठमा

## कोरिया जान पाउ भन्ने युवालाई तातो गोली

मोहन कार्की

**काठमाडौं–** ललितपुरको बालकुमारीस्थित दुईजना युवा माथि भिड नियन्त्रण गर्ने क्रममा वीरेन्द्र शाह नामका युवा प्रहरीले चलाएको गोली लागेर अर्का सुजन राउत प्रहरीको कुटाई वाट मृत्यु भएको छ । मितिः २०८० साल पौष १३ गते ललितपुरको बालकुमारी क्षेत्रमा भएको पदर्शनमा ति दुई युवाहरु प्रहरीको आक्रमणमा परि मृत्यु भएका हुन् ।

नेपालमा कोरियन भाषा सिकेर दक्षिण कोरियाको लागि परिक्षामा उतिर्न हुन नसकेका विद्यार्थीहरु दक्षिण कोरियाको रोगगारीमा जान नपाउने भएपछि असन्तुष्ट थिए । तर १८ जना परिक्षामा उतिर्न हुन नसकेका युवाहरुले अदालतमा मुद्दा दायर गरेका थिए । ति १८ जना पुनः परिक्षामा सामेल हुन पाउने सर्वोच्चले निर्णय गरेको थियो । त्यसपछि अन्य परिक्षामा उतिर्न हुन नसकेका कोरियन भाषा सिकेका परिक्षा पनि दिएका युवाहरुले पुनः परिक्षाको माग गरेर पदर्शन गरेका थिए । पदर्शनको क्रममा वीरेन्द्र शाह र सुजन राउतको मृत्यु भएको हो ।




युवाहरुको मृत्युको विषयलाई लिएर सरकारले छानविन समिति बनाएको छ । उक्त दिनको घटनाको बिषयलाई लिएर ललितपुर जिल्ला प्रशासनका प्रमुख, घटनास्थलमा खटिएका सुरक्षा इन्चार्ज लगायतलाई निलम्बन गरिसकेको छ ।

बालकुमारी घटनालाई लिएर नेपाल राजनीतिक पार्टी, संघ, सस्था, मानव अधिकार लगायतले प्रहरीले चलाएको गोलीले मारिएका युवाहरुको बिषयमा विरोध पदर्शन समेत गरेकाछन् । सामाजिक सञ्जालहरुमा प्रधानमन्त्री समेत रहका पुष्प कमल दाहाल, केपी ओली, शेर बहादुर देउवालाई हामी माछौं र एक एक करोड नेपाली जनतावाट चन्दा उठाएर दिन्छौ भन्दै आक्रोशित युवाहरुले अभिव्याक्ति दिईरहेका छन् । यतिवेला राजनीतिक पार्टीका व्याक्तिहरु, सरकारमा रहेका पदाधिकारीहरुमा सुरक्षाको थ्रेट बढेको छ ।

त्यसैलाई मध्य नजर गरेर नेपाल प्रहरीले कोरियन भाषा पढाई हुने क्षेत्रहरुमा यतिवेला सुरक्षा सतर्क अपनाइएको छ । बागबजार, पुतली सडक, नयाँ बानेश्वर, बालाजु बसपार्क, कलंकी, कोटेश्वर, लगनखेल लगायत क्षेत्रमा सिभिल प्रहरीको समूह नै बनाएर अर्को दुर्घटना हुन नदिनको लागि खटिएका देखिन्छन् ।

यसरी अर्काको देशमा रोजगारीमा जान पाउ भनेर आन्दोलन गर्नुपर्ने अवस्थामा देश पुगेको सुन्दा र विश्वका गोर्खालीका सन्तान भनेर ईतिहास बोकेको नेपलको लागि यो जतिको लाजलाग्दो बिषय अरु हुन सक्दैन । प्रजातन्त्र स्थापना भएको ७३ बर्षमा देश खाली भईसकेको नेपाली मुलका नेपाली नेपालमा बस्दैनन् भनेर घोषणा गर्ने दिन नआउला भन्न सकिने अवस्था छैन ।

नेपालका युवाहरु विदेशमा ४० डिग्रीभन्दा माथि गर्मी हुने ठाउमा काम गर्न जाने क्रम बढ्दो छ । त्यसमध्य रोजगारको लागि दक्षिण कोरियामा आर्कषण तलव, श्रमको कुनै ठगि नहुने भएको हुदा दक्षिण

» बाकी ६ पृष्ठमा

## खाद्यवस्तु आयात गर्दा ध्यान दिन आग्रह : सभापति राणा



**काठमाडौं–** प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापति डा. आरजु राणाले भारतबाट नेपाल भित्रिने विषाक्त एवं अस्वस्थकर खाद्यवस्तुको कडाइ गर्न आग्रह गरेकी छिन् ।

शुक्रबार सिंहदरबारस्थित समितिको हलमा केरा खेती तथा पशुपालन व्यवसाय तथा यसमा देखिएका समस्यामा केन्द्रीत रहेर गरिएको छलफलमा सभापति राणाले दुई देश बिचको सीमा नाकामा कडाइ गर्न आग्रह गरेकी छिन् ।

उनले त्यस्ता खाद्यवस्तु आयात गर्दा ध्यान दिन आग्रह गर्दै आयातमा कडाइ गर्न जोड दिएकी हुन ।

कृषि तथा पशुपक्षी मन्त्रालय, किसानका प्रतिनिधिहरुसहितको बैठकमा बोल्दै सभापति राणाले जाँचपास बिना गरिएको आयातकै कारण नेपाली किसानको केरामा टिआर फोर नामक घातक रोग देखिएको बताइन् । उनले भारतका तरकारी तथा फलफूलमा लाग्ने रोग नेपालमा पनि भित्रिने जोखिम भएकोले त्यसका लागि आयातमा नियन्त्रण गर्नुपर्ने बताइन् ।

सभापति राणाले भनिन्,'सीमाबाट आयात हुने विषाक्त र अस्वस्थकर खाद्यान्न नियन्त्रणका लागि कृषि, अर्थ, गृह र वाणिज्य मन्त्रालयको टास्क फोर्स बनाउनुपर्छ । आगामी दिनमा अन्य रोग आउन नदिन के गर्ने ? भारतमा आउने बित्तिकै खुला सिमानाले नेपालमा पनि आउँछ, यसको रोकथामका लागि भारतका वैज्ञानिकसँग कुरा गर्नुपर्छ । यसका लागि

» बाकी ६ पृष्ठमा

## ५ महिनामा ४१४ विदेशीलाई नेपालमा श्रम स्वीकृति




काठमाडौं- पछिल्लो ५ महिनामा ४१४ जना विदेशी नागरिकले नेपालमा श्रम स्वीकृति प्राप्त गरेका छन् । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको तथ्यांक अनुसार साउनदेखि मंसिरसम्म ४१४ जना गैरनेपाली नागरिकले नेपालमा श्रम स्वीकृति पाएका हुन् ।

यस अवधिमा झण्डै ३ लाख नेपाली नागरिक कामको खोजीमा विदेशिएका छन् । विभागका अनुसार यस अवधिमा ५४५ जना गैरनेपाली नागरिकको श्रम स्वीकृति नवीकरण भएको छ । तथ्यांक अनुसार मंसिर महिनामा मात्र ११० जना गैरनेपाली नागरिकले नेपालमा श्रम स्वीकृति पाएका छन् ।

यस महिनामा १५९ जना गैरनेपाली नागरिकको श्रम स्वीकृति नवीकरण भएको विभागको तथ्यांक रहेको छ । यो अवधिसम्म प्रतिष्ठान काम काम गर्ने विदेशी श्रमिकले श्रम स्वीकृति लिए-नलिएको बारे १२ वटा अनुगमन भएको विभागले जनाएको छ ।

मंसिरसम्म थप एक ट्रेड यूनियन महासंघ दर्ता भएको छ । दुई वटा ट्रेड युनियन दर्ता भएका छन् । ट्रेड युनियन नवीकरणको संख्या ७ रहेको छ । यो अवधिमा २ वटा औद्योगिक दुर्घटनाको उजुरी आएको विभागले जनाएको छ ।

विभागमा श्रमिकबाट ३८७ दाबी उजुरी र ७३ वटा सामूहिक उजुरी परेको छ । यो अवधिमा २३६ वटा श्रमिक आपूर्तिकर्ताको इजाजत नवीकरण भएको छ । १८६ वटा श्रम विवाद यो अवधिमा समाधान गरिएको विभागले जनाएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- २१, २०८० साल पुस १७ गते मंगलबार (Jan 02, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

# बिपीको मेलमिलाप नीतिको अनुशरण गर

नेपालमा नेपाली काँग्रेसका स्वर्गीय सभापति तथा प्रधानमन्त्री विशेश्वर प्रसाद कोईरालाले नेपालको राष्ट्रियता खतरामा पर्ने देखेर नेपालमा आफैलाई जेलको सजाय हुने खतरा हुदाहुदै पनि २०३३ साल पौष १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर भारतवाट नेपाल आएका थिए ।

त्यसै बर्षदेखि नेपालमा राजनीतिक मेलमिलापको रुपमा राष्ट्रिय एकता तथा मेलमिलाप दिवश मनाउने गरिएको छ । यो ४८ औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवश मनाईरहदा बिपी छैनन् । तर विपीले शुरुवात गरेको राष्ट्रिय एकता तथा मेलमिलाप अभियान नेपालीहरुलाई जोडने अभियाँन बाचिराखेको छ ।

शासन सत्ताका लागि जस्तोसुकै परिस्थितिमा लाग्ने राजनीतिक पार्टीका नेताहरुलाई यस विपीको राष्ट्रिय एकता तथा मेलमिलाप नीतिले एउटै मञ्चमा उभ्याई दिने गर्छ । यो बर्ष पनि त्यो देखिएको छ । कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा सवै राजनीतिक पार्टीका नेतृत्वहरु त्यहा उपस्थित थिए । तर व्यवहारमा पार्टी पार्टी बीचको तुस देखिरहेकै छ । त्यसको असर तल तल स्थानीय तह त्यो भन्दा पनि तल मिलेर बसेका नेपालीहरुमा अरु केही नलागेर पार्टीको संगठनको खोल ओडेर जात, धर्म, भाषा समेत जोडेर अराजकता फैलाईहरेका छन् ।

यस्तो बिकृति बन्दै गएको राजनीतिक अराजक राजनीतिक सस्कारलाई विपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिको आदर्शलाई अध्ययन गरेर वर्तमानका माथिल्ला तहमा रहेका राजनीतिक पार्टीहरुले अनुशरण गर्ने र त्यसलाई तल तल रहेका पार्टी समितिहरुलाई त्यसैगरी कार्यन्वयन गरेर लैजान सक्ने हो भने बिग्रदै गएको पार्टीको अराजक सस्कार सु सस्कारित हुदै नेपालमा सभ्य समाजको निर्माण र असल आचरणको विकास हुन सक्थ्यो ।

कुनै पनि पार्टीले यो विषयमा गम्भिर भएर लागेको देखिदैन । स्वम नेपाली काँग्रेस पार्टीमा समेत गुट र उपगुटको सस्कारले सागुरा घेरा तयार गरेर बसेको छ । त्यसकारण नेपालको बिग्रदै गएको राजनीतिलाई सुद्धिकरण गर्न राजनीतिक पार्टीहरु बीचमा बढ्दै गएको जनताको विश्वास जित्न मेलमिलापको नीतिलाई अनुशरण गरेर असल, सक्षम, योग्य व्याक्तिहरु जो, जुन पार्टीको भएपनि देशको हितमा काम गर्नेहरुलाई अगाडी लगाउने र सवै मिलेर त्यस्ता क्षमता भएका नेतृत्वकर्ताहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरी नेपालको लोकतन्त्रलाई बलियो बनाउनुपर्छ ।

जसमा राज सिंहासनवाट बाहिर ल्याइएका राजातन्त्र देखि दुरदराजमा हरेका सामान्य नागरिकसम्मले हामी नेपाली एकै हो देश हामी नेपालीहरुको हो । यो नेपालको सरक्षण नेपालीहरु सवै मिलेर मात्र गर्न सकिन्छ । यो देशको विकास सवैको उत्तिक्कै मेहनत र जिम्मेवारी छ भन्ने भावनाले ओतप्रोत भई काम गर्नुपर्छ ।

यसरी देशको हितमा सवै नेपालीहरु मिलेर काम गर्ने शुरुवात गराउने विदेशीको आड भरोसमा नेतृत्व गर्नेहरु लोभिनु र स्वार्थमा कहिल्यै लाग्नुहुदैन । राष्ट्रलाई अृठ्यारो आईलाग्ने अवस्थामा पद प्रतिष्ठा सवै छोडेर हुन्छ भने त्यो त्याग्न सक्नुपर्छ । यो विपीको मेलमिलाप नीतिले सिकाएको पाठ हो । आृनो जीवन जोखिममा राखेर राष्ट्रिय एकता तथा मेलमिलापको नीति नेपाली काँग्रेसको मात्र नभएर देशको नीति हो त्यसैले सवै राजनीतिक पार्टी देशका सवै जातजाती, समग्र नेपालमा रहेका नेपालीहरुको नीति हो । यस राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई सवै नेपालीले अनुशरण गरौ । जस्तोसुकै संकट पनि नेपाली एक ढिक्का भएपछि सामना र सावधान गर्न सक्छौ ।

# प्रधानमन्त्रीज्यू ! दौडिरहने कि काम पनि गर्ने ?



सागर पण्डित

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले एकबर्से कार्यकाल सम्पन्न गरेको छ । प्रधानमन्त्री प्रचण्ड तेस्रो कार्यकालका लागि प्रधानमन्त्री भइरहँदा उहाँबाट यसपटकचाहिँ मुलुकको विकास, सुशासन र समृद्धिमा राम्रा कार्यहरु हुनेछन् भन्ने आशा जागेको थियो ।

उहाँ आफैंले पनि यसपटक साँच्चै नै केही गरेर देखाउँछु भनी दह्रो प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । तर प्रधानमन्त्रीको एकबर्से कार्यकाललाई विश्लेषण गर्दा उहाँले व्यक्त गर्नुभएको प्रतिबद्धता फोस्रो साबित भएको छ ।

प्रधानमन्त्री जतिखेर पनि दौडिरहनुभएकै देखिन्छ । कहिले पूर्व, कहिले पश्चिम । कहिले मेची, कहिले महाकाली । तर उहाँ शासकीय सक्षमता हासिल गर्नुपर्ने गरी जहाँ दौडनुपर्ने हो त्यहाँ दौडन सक्नुभएको छैन ।

जसलाई दौडाउनुपर्ने हो उसलाई सशक्त किसिमले दौडाउन सक्नुभएको छैन । त्यसैले पनि उहाँको सरकारले गति लिन नसकेको हो । प्रधानमन्त्री सरकारको काममा भन्दा पनि विभिन्न खाले उद्घाटन र शिलान्यासजस्ता काममा अत्यधिक दौडने गर्नाले पनि उहाँको सरकारी कार्यसम्पादन निकै कमजोर बनेको हो ।

जब प्रधानमन्त्रीकै कार्यसम्पादन कमजोर र औपचारिकतामा सीमित हुने गर्छ, त्यसपछि त्यस्तो सरकारका मन्त्रीहरुबाट खासै आशा गर्न सकिँदैन ।

यसअघि दुईपटक प्रधानमन्त्री हुँदा असफल भइसक्नुभएका उहाँ तेस्रो कार्यकालमा पनि असफलतातर्फ उन्मुख भइरहनुभएको छ । यसो भनिरहँदा उहाँका वरिपरि रहेर सत्ताको स्वाद चाखिरहनुभएकाहरुलाई दुःख लाग्ला ।

विभिन्न खाले पूर्वाग्राह पनि साँध्न सक्नुहोला । तर हामी मिडियाकर्मीको स्वतन्त्र आँखाले हेर्दा प्रचण्ड नेतृत्वको सरकारले गत एक वर्षको समय त्यसै खेर फालेको छ । जनताका असीमित चाहना र आवश्यकतालाई पूरा गर्नेतर्फ यो सरकारले कुनै प्रयत्न नै नगरेको हुँदा यो सरकारलाई असफल सरकार भनेर सहजै भन्न सकिन्छ ।

एक वर्षको अवधिमा प्रधानमन्त्री प्रचण्ड र उहाँको सिंगो टिममात्रै जागिरेको रुपमा रुपान्तरित भएको देखिन्छ । गत एक वर्षको अवधिमा प्रचण्ड नेतृत्वको सरकारले आम जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारसम्बन्धी समस्या समाधानको लागि एउटै पनि प्रभावकारी कार्यक्रम ल्याउन सकेको देखिएन ।

यो एक वर्षको अवधि सत्ताको स्वाद चाखिरहेकाहरुका लागि बाहेक अरु सबैका लागि करिब-करिब काला दिनजस्तै साबित भए । यसो त प्रधानमन्त्रीले गत एक वर्षको अवधिमा गरेका विभिन्न कार्यको फेहरिस्त पेस गरेका छन् । उनले पेस गरेका अधिकांश कार्य दैनिक प्रशासनिक कामकाजमा नै सीमित भएका जस्ता देखिन्छन् ।

सरकारका विभिन्न संरचनाहरु छन् र तिनका निश्चित जिम्मेवारी रहेका हुन्छन् । प्रधानमन्त्री तथा मन्त्रीहरु नहुँदा पनि त्यस्ता नियमित कार्यहरु भइरहेका हुन्छन् । प्रधानमन्त्री तथा मन्त्रीहरुले त जनताको मन-मुटुमा छाप पर्ने गरी प्रभावकारी काम गर्न सक्नुपर्छ ।

विशेष खालका योजना तथा कार्यक्रम ल्याएर नवप्रवर्द्धनात्मक कार्य गर्न सक्नुपर्छ । त्यसो गर्न सकेमा मात्रै जनताको दृष्टिमा त्यस्तो सरकारका प्रधानमन्त्री तथा मन्त्रीहरु असल साबित हुन्छन् र सरकार पनि सफल भएको ठहर्छ ।

तर प्रधानमन्त्री प्रचण्ड तथा सरकारका कुनै पनि मन्त्रीले आमजनताको मनमा बस्ने गरी एउटा पनि काम गर्न सकेनन् । त्यसैले त भन्नै पर्छ, गत एक वर्ष निराशामा बित्यो । सरकार असफल भयो ।

सत्तारुढ गठबन्धनमा भएको सहमति अनुसार प्रचण्डले अझै एक वर्ष प्रधानमन्त्रीको रुपमा काम गर्नेछन् । प्रधानमन्त्री आफैँले गत एक वर्षको अवधिमा उल्लेख्य काम गर्न नसकेको स्वीकार्दै आगामी दिनमा आफूहरुले प्रभावकारीरुपमा काम गर्ने बताउन थालेका छन् ।

विगत एक वर्षको अवधिमा प्रचण्ड सरकार र उनका मन्त्रीले अपनाएका कार्यशैली हेर्दा यो सरकारले आगामी दिनमा पनि कुनै उपलब्धिमूलक कार्य गर्न नसक्ने प्रस्ट नै छ । तर जनता यही सरकार व्यहोर्न बाध्य हुने भएकाले सरकारलाई कसरी हुन्छ जनताको हितमा समर्पित हुने गरी दबाब दिन र प्रश्न गर्न भने छोड्नुहुँदैन ।

यद्यपि प्रधानमन्त्री प्रचण्ड र उनका सरकारका मन्त्रीहरु केही सच्चिएर साँच्चै नै काम गर्ने प्रतिबद्धताका साथ अघि बढे भने एक वर्षको अवधिमा धेरै सुधारका कार्यहरु गरेर जनताको दृष्टिमा असल बन्न सक्छन् ।

सत्ताको ढाडु-पन्यू चलाउनेका लागि यो कार्य कठिन पनि छैन । प्रधानमन्त्री प्रचण्ड र उनका मन्त्रीहरुमा सद्बुद्धि आउन सकेको खण्डमा नेपाली जनताको हितमा धेरै काम हुन सक्छ ।

यसको लागि सरकारी संयन्त्र र त्यसलाई परिचालन गर्ने ठाउँमा रहेका व्यक्तिहरुले रातदिन काम गरेर परिणाम ल्याउन सक्नुपर्छ । उद्घाटनहरुमा दौडने मात्रै होइन, विभिन्न खालका नीतिहरु बनाएर त्यसको सशक्त कार्यान्वयनमा जोड दिनुपर्छ ।

प्रधानमन्त्री तथा मन्त्रीहरुले हाम्रो ब्युरोक्रेसीलाई जुन रफ्तारमा दौडाउन सक्नुपर्ने हो सो रफ्तारमा दौडाउन सक्नुभएको छैन । अब दौडाउन सक्नुपर्छ ।

गतवर्ष सरकारले ल्याएको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सरकारी निकाय किन र कसरी चुक्न पुग्यो ? त्यसको गहन समीक्षा गर्नुपर्छ । यहाँ प्रधानमन्त्री र उनको टिमले आगामी वर्षमा के-के विषयलाई ध्यान दिएर अघि बढ्नुपर्छ भन्ने विषयमा केही सुझावहरु दिइएको छ तर यी सुझाव भालुलाई पुराण सुनाएको जस्तो नहोस् भन्ने अपेक्षा छ ।

विगतमा पनि प्रधानमन्त्री तथा उनको सरकारलाई प्रभावकारीरुपमा काम गर्नका लागि दिइएका सुझावहरु रद्दीको टोकरीमा फालिएकै हुन् । आशा छ आगामी दिनमा त्यस्तो हुनेछैन ।

प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धता जनाए अनुसार उनी स्वयम् र उनको टिमले सोही अनुसारका कार्ययोजना बनाएर कामलाई तीव्र गतिमा अघि बढाउन सकेका छैनन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै मन्त्रालयलाई सक्रिय बनाउन सकेको छैन ।

अबको एकबर्से कार्यकालमा प्रचण्ड सरकारले आमजनतामा केही न केही सुधार हुन्छ भन्ने किसिमको अनुभूति हुने गरी सुधारका कार्यक्रमहरु ल्याउन सक्नुपर्छ ।

भ्रष्टाचारीमाथि निर्ममरुपमा प्रस्तुत हुनुपर्छ । भ्रष्टाचारको कुनै पार्टी र धर्म हुँदैन । आफैँभित्र कुनै ठूला भ्रष्टाचारी छन् भने पनि तिनलाई सशक्त कारबाही गर्न चुक्नुहुँदैन ।

अबको बाँकी दिनलाई शृङ्खलाबद्ध किसिमले हरेक कार्यक्रमको कार्ययोजना बनाएर त्यसलाई कार्यान्वयन तहमा लैजानुपर्छ । प्रधानमन्त्रीले आजैका दिनदेखि सबै किसिमका उद्घाटन, शिलान्यासजस्ता कस्मेटिक कार्यक्रममा जान पूर्णरुपमले बन्द गर्नुपर्छ ।

यति दिनमा यहाँ पुग्ने भनेर समय र लक्ष्य निर्धारण गरेर सबै मन्त्रालय र निकायले कार्ययोजना बनाउनुपर्छ । यसो गरिएमा नतिजा निकाल्न कठिन हुँदैन । मन्त्रीहरु मन्त्रालयको कामलाई थाती राखेर गोष्ठी, सेमिनार तथा अन्य औपचारिक कार्यक्रममा सहभागी हुने प्रवृत्ति बढ्नुले पनि मन्त्रालयको काम प्रभावकारीरुपमा अघि बढ्न नसकेको हो ।

त्यसैले अब साँच्चै नै परिणाम दिने हो र विकासको म्याराथुन दौडमा अब्बल साबित हुने हो भने मन्त्रीहरु अत्यावश्यकबाहेकका अन्य कार्यक्रम, सभा, गोष्ठी, सेमिनारमा सहभागी हुनुहुँदैन । मन्त्रीहरु सो म्याराथुन दौडमा मजाले दौडिन सके भने गन्तव्यमा पुग्न सहजै सकिन्छ ।

सिंहदरबारमा घुम्ने कुर्सीमा मात्रै बसी मुखले यो ठीक, त्यो ठीक भनेर हुँदैन । त्यसो गरेकै भरमा विकास र समृद्धिको आधार शिविर पुग्न सकिँदैन । त्यसका लागि शासकीय सक्षमता हासिल हुने गरी काममा दौडिनै पर्छ ।

प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरुले पनि यही मोडलमा काम गर्नुपर्छ । मन्त्रीहरुले निश्चित ‘टार्जेट’ बनाएर सचिवहरुलाई आफूसँगै दौडाउनुपर्छ । त्यसरी टार्जेट बनाउँदा जनताको हित हेर्नुपर्छ । मन्त्रीले मन्त्रालयको सचिव तथा उच्च पदस्थहरुको संलग्नतामा उच्चस्तरीय कोर टिम बनाउनुपर्छ । तर अधिकांशमा त्यस्तो देखिँदैन ।

सल्लाहकार र स्वकीय सचिवको नाममा राखेका व्यक्तिहरुलाई मन्त्रीहरुले जागिर खुवाउनकै लागि राखेको जस्तो देखिएको छ । सो टिमलाई विज्ञ टिम बनाउने पहल अधिकांश मन्त्रीहरुले गर्न सकेका छैनन् ।

मन्त्रालय र मातहतका निकायले गर्ने कार्यलाई प्रभावकारी बनाउने भूमिका मन्त्रालयका सचिवको हुन्छ तर हाम्रा अधिकांश सचिवहरु कामचोर प्रवृत्तिका भएकाले पनि परिणाम आउन कठिन भइरहेको छ ।

त्यसैले सचिवहरुले पनि कामचोर प्रवृत्ति हटाएर आफूमा भएको विज्ञतालाई प्रस्फुटन गर्ने र मन्त्रालयलाई कामयावी बनाउनुपर्छ । प्रधानमन्त्री र मन्त्रीहरुले सचिवमार्फत सरकारको नीति तथा कार्यक्रमको सशक्त कार्यान्वयन गराउन सक्नुपर्छ ।

काममा स्क्रिनिङ गर्ने महत्वपूर्ण भूमिका सचिवकै हुन्छ । मन्त्रीलाई सफल वा असफल बनाउने काम पनि सचिव र मातहतका कर्मचारीतन्त्रको हो । त्यसैले मन्त्रीले पनि कर्मचारीतन्त्रबाट काम लिन सक्नुपर्छ । कर्मचारीतन्त्रले पनि आफूहरु शासक नभएर सेवक हो भन्ने भावनालाई हरपल आत्मसात् गर्न सक्नुपर्छ ।

विकासोन्मुख देशमा निर्वाचनमा गरेका धेरै बाचाहरु सरकारमा गएर पूरा गर्न नसक्ने प्रवृत्ति छ । हामीकहाँ पनि सत्तारुढ दलमा यही प्रवृत्ति देखिँदै आएको छ । त्यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ । विकास भनेको प्रतिकूलताका बीचमा अनुकूलता खोज्ने हो ।

प्रतिकूल हावापानी हाम्रो लागि समस्या वा बाध्यता हुन सक्छ तर त्यो हाम्रो लागि जटिल परिस्थिति होइन । त्यसो भए त ल्हासा पनि विकास हुँदैनथ्यो । अहिले ल्हासा अत्याधुनिक बनिसकेको छ ।

हामीले धेरै अवसर गुमाइरहेका छौँ । त्यसैले प्रधानमन्त्री र मन्त्रीले विगत एक वर्षमा भएका कमी-कमजोरी सच्याउँदै आगामी दिनलाई परिणाममुखी बनाउन सरकारका सबै संयन्त्रहरु जनताको हितलाई केन्दविन्दुमा राखेर दौडाउनुको विकल्प छैन ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# गीत संगीतमा रमाउदै मोड्ल तथा निर्देशक बिनोद सुन्दास

*काठमाडौं– मोड्ल तथा निर्देशक बिनोद सुन्दास नेपाली सागीतिक बजारमा निकै चर्चामा रहेका व्यक्ति हुन । पछिलो समय हेर्ने हो भने सुन्दास मोड्लिङसँगै म्युजिक भिडियो निर्देनमा निकै ब्यस्त देखिन्छन् ।*

*झन्डै चारदर्जन भन्दा बढी नेपाली मौलिकता झल्काउने गीतमा निर्देशन तथा मोड्लिङ गरिसकेका बिनोद सुन्दासको निर्देशनको अनुभव र मोड्लिङको अनुभवलाई जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा यसरी प्रस्तुत गरेको छौं ।*



**तपाइाले कस्ता खालको गीतमा निर्देशन मोड्लिङ गर्नु भएको छ ?**

मैले प्राय सबै प्रकारको गीतमा निर्देशन अनि मोड्लिङ गरेको छु । आधुनिक लोक दोहोरी डान्स गीतहरु सबै प्रकारका छन् । पछिल्लो समय दर्शकले एकदमै रुचाइदिनु भएको गीत आफै रुनु पर्ने बजारमा आएको छ । त्यो गीतबाट मलाई नचिन्ने दर्शकले पनि चिन्नु भएको छ । त्यो गीतले छोटो समयमै बजार पाउन सफल भयो । यो गीतमा निर्देशन मोड्ल म आफै छु । यो गीतबाट मलाई दर्शकले धेरैले चिन्नु हुन्छ ।

**निर्देशकले केटी मान्छेलाई मिस युज गर्छ भन्छन नी तपाईले गर्नु भएको छ की छैन् ?**

त्यस्तो निर्देकले मिस युज गर्छ भन्ने हुँदैन् गरे होलान कति निर्देशकले सबैको सोच बिचार एकै प्रकारको हुँदैन् । सबै मानिस एउटै पनि हूँदैन् । मलाई काम कसरी गर्ने कस्तो खालको कलाकारलाई बोलाउने भन्ने तिर बढी ध्यान जान्छ । म कहिले आफ्नो स्वार्थको लागि अरुको भावना माथि खेल्दिना । काम कसरी गर्न सहज हुन्छ , काम छिटो सक्न पाए लागानी कर्ताको लगानी थोरै भएनी बच्थ्यो जस्तो लाग्छ म काम गर्दा कहिले अन्त ध्यान दिदिन् । म बाट कसैलाई मिस युज गर्ने काम हुँदैन् ।

**तपाईको बाल्यकाल कसरी बित्यो ?**

गंगाजमुना गाउँपालिका फुर खर्कमा मेरो जन्म भयो । ती गाउँघरमा उकाली ओराली घाँस दाउरा मेलापात गरिन्थ्यो म ६ बर्षको हुँदा बाबा बित्नु भयो । बाबा नहुँदाको पीडा छुट्टै थियो । सबै जिम्मेवारी आफुले समाल्नु पर्‍यो । मेरो बाल्यकाल दुखदाही अवस्थामा गाउँघर मै बित्यो ।

**मोड्लिङ क्षेत्रमा कसरी आउनु भयो ?**

कलाकारिता क्षेत्र र गीत संगीत क्षेत्रमा लाग्छु भन्ने मेरो सानैदेखि सपना थिएन जब गाउँबाट रोजगारिको शिलसिलामा सपनाको सहर काठमाडौं आए काठमाडौंमा आएर म मासु पसलमा काम गर्न थाले । तेतिबेला टिभीमा छमछमि प्रोग्राम आउथ्यो । निरन्तर छमछमि प्रोग्राम हेर्न लागे तेसपछि मलाई मनमा खुल्दुली लाग्यो । नाच्यो भनी त टिभीमा देखिने रहेछ भन्ने भयो । त्यसपछि प्रतिबिन्दु कला केन्द्रमा डान्स सिक्न थाले । त्यसपछि कलाकारिता क्षेत्र र गीत संगीत क्षेत्रमामा रहर जाग्यो । फिल्महरु हेर्न थाले राजेश हमाल बिराज भट् रमित ढंङगानाको लगायतका कलाकारहरुवाट प्रभावित भएर म पनि केहि गर्छु भनेर अगाढी बढे । बिस्तारै त्यसपछि मेरो मोड्लिङको यात्र तय भयो ।

**मोड्लिङ र निर्देशनबाट जीवन चलाउन कतिको सजिलो छ ?**

एक्दमै गारो छ मलाई मात्र होइन अरु निर्देशक मोड्लहरुलाई पनि उतिकै गारो छ । थोरै पारिश्रमिकमा काम गर्नु पर्ने काठमाडौंको महँगी बढेको बढ्यै छ । एक हप्ता काम भयो भने एक महिना कोठामा बस्नु पर्ने फेरी यो क्षेत्रमा खुट्टा तान्ने प्रवृति धेरै हुन्छ । एउटाको काम आर्कोले आर्कोको काम आकैले तानि रहेको हुन्छ । फेरी हाम्रो देशमा गीत संगीत क्षेत्र र कलाकारिता क्षेत्रमा त्यति धेरै सेवा सुबिधा छैन् त्यहि भएर पनि यो क्षेत्रबाट रोजिरोटी चलाउन एकदमै गारो छ निर्देशक तथा मोड्ल बिनोद सुन्दास जन आकाश मिडियासँग बताउँछन् ।

# ठुलो गायक बन्ने रहरमा रामेछापबाट काठमाडौं आएका प्रतिभा महेश सुनाम जन आकाशमा



**काठमाडौं–** नेपाली साङ्गीतिक क्षेत्रमा पछिल्लो समय प्रतिभा हुनेका लागि भन्दा पैसा हुनेका लागि स्थान दिने प्रचलन बढदै गएको छ । त्यसको असरले पछिलो समय गीत सङ्गीत क्षेत्रमा मौलिकता झल्काउने गीतहरू लोप हुँदै गएका छन् । पैसाका आडमा निस्कने मौलिकता नभएकाले स्थान पाउँदा विकृति जनक गीतहरू बजारमा फैलिँदै छन् ।

साङ्गीतिक क्षेत्रमा भविष्य बनाउने धेरैको रहर हुन्छ । "कोहीसँग प्रतिभा हुन्छ पैसा हुँदैन" "कोहीसँग पैसा हुन्छ प्रतिभा हुँदैन" हरेक मानिसलाई जीवनमा एउटा न एउटा अभावले पिरली रहेको हुन्छ ।

नेपालमा राजनीतिक क्षेत्रमा आएको विकृति जस्तै गीत सङ्गीत क्षेत्रमा पनि आफ्नो मान्छे छानेर स्थान दिने गरिन्छ । तर त्योभन्दा भिन्न अवस्थाबाट नेपाली साङ्गीतिक क्षेत्रमा लोक संस्कृतिलाई माया गर्ने एक अदभूत क्षमता भएका ठुलो गायक भएर देशलाई चिनाउने सोच बोकेर रामेछापको बेतालीबाट अवसरको खोजीमा काठमाडौ आएर सांगीतिक क्षेत्रमा लागेका नव प्रतिभा महेश सुनाम जन आकाश मिडियामा आएकाछन् उनको दुखः सुखको कुराकानीलाई यसरी प्रस्तुत गरेका छौं ।

रामेछाप जिल्लाको दुर्गम ठाउँ गोकुलगंगा गाउँपालिका वडा ४ बेतालीबाट शिव परियार जस्तै आवाज र झट्ट हेर्दा कतै शिव परियार त हैन भन्ने लुक्स भएका सुमधुर स्वरका धनि महेश सुनाम अवसरको खोजीमा आफ्नो प्रतिभा बोकेर जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा जोडिएका छन् ।

"घरको आर्थिक अवस्था कमजोर रामेछापको बिकट ठाउँ बेतालीमा हुर्केका महेश सुनाम सानै देखि गीत सङ्गीतमा धेरै रुचि राख्ने गर्थे । गीत सङ्गीत क्षेत्रमा भविष्य बनाउँछु भनेर कक्षा १० सम्मा गाउँमै पढे अनि पढाइको सिलसिलमा ठुलो गायक बन्ने रहर बोकेर सपनाको सहर काठमाडौं आए ।

तर बिरानो मुलुक काठमाडौं सहरमा सोचे जस्तो भएन दुख सुख काम गर्दै १२ कक्षा सम्म काठमाडौंमा पढे् । त्यहाँ भन्दा माथिल्लो तहमा पढ्नलाई घरको आर्थिक अवस्था मजबुत थिएन । गीत सङ्गीतमा लाग्न पनि चिनेको कोही थिएनन् । ठुलो गायक बन्ने रहरमा सुनामको मन भतभत पोली रहन्थ्यो ।

जीवनमा अब के गर्ने भन्ने मनमा कुराहरु खेलिरहन्थ्यो । गीत सङ्गीतमा स्थान पाइन्थ्यो कि भनेर अग्रज गायकहरूलाई धेरै म्यासेज गर्थे नम्बर खोजेर फोन गर्ने गर्थे कसैको फोन उठ्थ्यो तर राम्रोसँग बोल्न खोज्दैन थिए । म्यासेज गर्थे म्यासेज हेर्नू हुँदैन थियो । यो क्षेत्रमा कसैको साथ सपोट भएन भनी अगाडि बढ्न नसकिने रहेछ ।

त्यसैले घरको आर्थिक अवस्थाले गर्दा विदेश जाने सोच आयो । एक मनले विदेश जा भन्थ्यो, आर्को मनले पढ भन्थ्यो, अर्को मनले गीत सङ्गीतमा लागेर केही गर भन्थ्यो । एकान्तमा बसेर जीवनको बारेमा सोच्ने गर्थे । कुनै बेला त यो जीवन देखि वाक्का लाग्थ्यो घरको स्थिति देख्दा आँखाबाट आँसु आउँथ्यो ।

बुवाले सानैमा आर्को आमा लिएर हामीलाई छोडेर धेरै टाढा जानु भयो सायद बुवा नभएर होला सबै जिम्मेवारीको भारी अहिले मैले नै समाल्नु परेको छ । मेरो एउटा बहिनी पनि छ । बहिनीको लागी पनि मैले सोच्नु पर्छ । मलाई पढ्ने रहर हुँदा हुँदै धेरै पढ्न नसके पनि बहिनीलाई धेरै पढाउँछु भन्ने सोच बोकको छु ।

जीवनमा भएका दुख सुख विदेश जाने सबै सोच समेत त्यागेर सङ्गीत सिक्न थालेको छु । सङ्गीत सिक्न थालेपछि मलाई आस पनि लागेको छ । गाएर केही गर्न सक्छु कि भन्ने आज भोलि त एक सेकेन समय भयो भने म गीत गुनगुनाउन थाल्छु । मलाई गीत गाउनको लागी कुनै समय चाहिदैन प्राय सबै समयमा गीत गाइ राखेको हुन्छु । थाहा छैन गीत सङ्गीतबाट म काहा पुग्छु भनेर ।

ममिले भ्वाइस अफ नेपाल टिभीमा हेर्नु भएछ । मेरो छोरो पनि एक दिन त्यस्तै स्टेज चढेर गीत गाउँछ भनेर गर्व गर्नुहुन्छ । आमाको ठुलो सपना छ छोरोले एक दिन गीत गाएर देशलाई चिनाएको हेर्ने ।

मेरो मामाको पनि सपना छ भान्जा स्थापित गायक भएको हेर्ने । म गीत सङ्गीत क्षेत्रमा धेरै मेहनत गरेर अगाडि बढ्छु । सबैले साथ सपोट दिनु होला भन्दै जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा भावुक हुँदै बत्ताउँछन् ।"

# रामेछाप डायरी

## रामेछाप नगरपालिका-७ सुकाजोर मा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न




रामेछाप नगरपालिका वडा नं ७ सुकाजोरले चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवद्यिसम्म संचालन गरेको विकास निर्माण र सेवा प्रवाहको अवस्था विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । आईतबार(आज) सम्पन्न उक्त कार्यक्रममा वडाले प्रवाह गरिरहेको सेवा तथा विकास आयोजनाहरुको बारेमा वडाका प्राविधिक भागवत कुमार श्रेष्ठले जानकारी गराउनुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सुकाजोरका हिमाल भुजेल,अरुण कार्की,राशी कार्की,तारा हायू,सुशिल कार्की,ज्ञानुका बस्नेत,सुरेन्द्र बहादुर मोक्तान,भवानी आले लगायतका नागरीकहरुले विभिन्न प्रश्न,जिज्ञास र गुनासोहरु राखेका थिए । उनिहरुले सडक,खानेपानी,शिक्षा,सिँचाई,लक्षित वर्गको कार्यक्रम जस्ता विविध विषयवस्तुहरुमा रहेर प्रश्न गरेका थिए ।

उक्त कार्यक्रममा राप्रपाका नेता नारायण कार्की,नेकपा एसका नेता सूर्य कार्की,रास्वपाका नेता दुर्गा बहादुर बस्नेत,नेकपा एमालेका नेता ध्रुब बहादुर बस्नेत,नेपाली कांग्रेसका नेता कमल विक्रम कार्कीले विभिन्न सुझाव सहितको मन्तव्य राख्नुभयो । उहाँहरुले वडाले गर्ने हरेक कामहरु निस्पक्ष र पार्दर्शी हुनुपर्ने भन्दै सबै कामहरुमा राजनीतिकदलहरुलाई सहभागी गराउन अनुरोध गर्नुभयो ।

रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपाने र प्रमुख प्रशासकिय अधिकृत मित्र प्रसाद घिमिरेले कार्यक्रममा नागरीकहरुले नगरपालिकासँग सम्बन्धित सोधिएका प्रश्नहरुको जवाफ दिनुभएको थियो । कार्यक्रममा वडासँग सम्बन्धित सहभागीहरुको प्रश्नको जवाफ वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले दिनुभयो ।

नागरीकहरुको प्रश्नको जवाफ दिदै उहाँले सार्वजनिक सुनुवाई कार्यक्रममा नागरीकहरुको प्रश्न,जिज्ञासा र गुनासोहरु भन्दापनि सकारात्मक सुझावहरु प्राप्त गरेको बताउनुभयो । वडाले हरेक वर्ष नागरीकको अपेक्षा अनुसार सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आएको उहाँको भनाई छ । उहाँले वडाबाट प्रवाह भैरहेको हरेक कामहरुमा नागरीहरुले जति बेला र जुनसुकै समयमा पनि सुझाव दिन सक्ने बताउनुभयो । सम्वृद्ध सुकाजोर बनाउन यहाँका सबै नागरीकहरुको साथ र सहयोग आवश्यक रहेको पनि उहाँले बताउनुभयो ।

प्रहार मिडिया प्रालीले सहजीकरण गरेको कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपाने,प्रमुख प्रशासकिय अधिकृत मित्र प्रसाद घिमिरे लगायत विभिन्न राजनितीक दलका प्रमुख एवं प्रतिनिधी,पत्रकार सहित नागरीकहरुको उपस्थिती रहेको थियो ।

## रामेछाप सुकाजोरका ५१ जना जेष्ठ नागरीकलाई वडा कार्यालयद्धारा सम्मान

रामेछापको रामेछाप नगरपालिका वडा नं ७ सुकाजोरका ५१ जना जेष्ठ नागरीकलाई वडाकार्यालयले सम्मान गरेको छ । आज वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गरी वडाका जेष्ठ नागरीकहरुलाई सम्मान गरिएको हो ।

रामेछाप नगरपालिकाका नगर प्रमुख लबश्री न्यौपानेको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा बोल्दै नगर प्रमुख न्यौपानेले जेष्ठ नागरिकहरू प्रेरणाको श्रोत भएको भन्दै सम्मान गर्न पाउँदा निकै खुशी लागेको बताउनुभयो । अब आउने दिनमा जेष्ठ नागरिकहरुको लागि थप नया योजना ल्याई सहयोग र सम्मान गर्नेमा आफु प्रतिबद्ध रहेको उहाँको भनाई छ ।

वडाअध्यक्ष समिर कार्कीले जेष्ठ नागरिक परिवार र समाजका गहना भएकोले सबैले जेष्ठ नागरिकहरुलाई आदर र सम्मान गर्नुपर्ने बताउनुभयो । वडाका ८३ वर्ष नाघेका जेष्ठ नागरीकहरुलाई सम्मान गरिएको भन्दै उहाँले कार्यक्रममा उपस्थित हुन नसकेका बाँकी सबैलाई उहाँहरुको घरमै उहाँहरुले प्राप्त गरेको सामान पठाउने व्यवस्था मिलाइएको बताउनुभयो ।

जाडोमा ओढ्ने कमल,बक्तिमा पानी तताउने जग,हर्लिक्स,बिस्कुट सहित उहाँहरुलाई सम्मान गरिएको हो । रामेछाप नगरपालिका वडा नं ७ ले नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता नागरीकको घरघरमा गएर वितरण गर्दै आएको छ । यसले पनि जेष्ठ नागरीकहरुलाई निकै सहज भएको छ ।

साथै वडा नं ७ ले वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधा तथा विकास गतिविधिहरुको बारेमा सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम पनि गरेको छ । वडाले गरिरहेको काम र आगामी दिनमा गर्नुपर्ने कामहरुका बारेमा सरोकारवालाहरुले विभिन्न सुझावहरु दिएका छन ।

वडामा रहेका विभिन्न राजनीतिक दलका प्रतिनिधी,शिक्षक,महिला स्वयमसेवीका,विभिन्न क्लबका प्रतिनिधीहरु सहभागी अन्तक्रियामा शिक्षा,स्वास्थ्य,सडक,कृषि,पर्यटन र खेलकुदका कार्यक्रमहरुमा रहेर सरोकारवालाहरुले विभिन्न सुझावहरु दिएका हुन । सरोकारवालाहरुबाट आएका सुझावहरु अनुसार नै वडाका आगामी योजना तथा कार्यक्रमहरु संचालन हुने वडाअध्यक्ष समिर कार्कीले बताउनुभयो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- २१, २०८० साल पुस १७ गते मंगलबार (Jan 02, 2024)

# लक्ष्मी सस्टेनेबल इनर्जी फण्डले युनिटेक हाइड्रोपावर कम्पनीसँग लगानी गर्ने



**काठमाडौं–** लक्ष्मी क्यापिटलकोष प्रवर्द्धकरहेको लक्ष्मी सस्टेनेबल एनर्जी (LSEF) ले यूनिटेक हाइड्रोपावर कम्पनी लिमिटेडमा रणनीतिक लगानीको सुरुवातसँगै दिगो ऊर्जा पहल प्रतिको निरन्तर प्रतिबद्धतामा एउटा महत्वपूर्ण कदम चँल्नका साथै आफले संचालन गरेको प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फण्डको पहिलो लगानीको शुभारम्भ समेत गरेको छ ।

विशिष्टीकृत लगानी कोष नियमावली २०७५ अर्न्तगत प्राइभेट इक्विटी र भेन्चर क्यापिटल कोष सञ्चालन गर्नको लागी इजाजत पत्र प्राप्त गर्ने पहिलो केही कम्पनीहरूमध्ये लक्ष्मी क्यापिटल एक हो । (LSEF ) लक्ष्मी क्यापिटलको पहिलो प्राइभेट इक्विटी कोष हो ।

LSEF कोषको आकार रु १ अर्वको रहेको छ । लक्ष्मी क्यापिटल प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल कोष संचालन गर्न स्वीकृति प्राप्त गरी लगानी शुरू गर्ने पहिलो केहि मर्न्चेट बैक मध्ये एक हो । यो कोषले जलविद्युत, सौर्य र वायु ऊर्जा लगायत दिगो ऊर्जा क्षेत्रमा लगानी गर्नेछ ।

युनिटेक हाइड्रोपावर कम्पनी लिमिटेडले माथिल्लो फवाखोला जलविद्युत आयोजना निर्माण गरिरहेको छ । आयोजना निर्माण अन्तिम चरणमा पुगीसकेको छ । ताप्लेजुङ जिल्लामा अवस्थित यस आयोजनाको उत्पादन क्षमता ५.८ मेगावाट छ ।

साथै कम्पनीसँग थप १५ मेगावाट (मध्य इङ्वाखोला जलविद्युत आयोजना) को अर्को जलविद्युत आयोजनाको इजाजतपत्र समेत रहेको छ । जिम्मेवार लगानीको प्रतिवद्धताको थप प्रमाणको रूपमा, लक्ष्मी क्यापिटल Operating Principles for Impact Management (Impact Principles)को एक क्ष्नलबतयचथ समेत हो ।

जसले प्रभावकारी लगानी बजारमा अनुशासन, पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्ने विश्वव्यापी समुदायमा योगदान पुर्‍याउँछ । क्ष्उबअत एचष्लअष्उभिकका को पहिलो सचिवालयInternational Finance Corporation (IFC) अन्तर्गत रहेको छ ।

# आइएमई पे र एजुकेशन पार्कबीच विद्यार्थीलाई छुट दिने सम्झौता




**काठमाडौं–** नेपालको पहिलो डिजिटल वालेट आइएमई पे र एजुकेशन पार्क बीच आइ.ई.एल.टि.एस (IELTS) र पि.टि.ई. (PTE) को तयारी कक्षामा ५०५ छुट दिने सम्झौता भएको छ ।

उक्त सम्झौता अनुसार सिभिल मल, काठमाडौंको आठौं तलामा रहेको एजुकेशन पार्कमा आइ.ई.एल.टि.एस (IELTS) र पि.टि.ई. (PTE) को तयारी कक्षा लिन इच्छुक विद्यार्थीले आईएमई पे मार्फत कक्षाको शुल्क भुक्तानी गर्दा सो छुट प्राप्त गर्न सक्नेछन् ।

यहि पौष ०६, २०८० बाट लागु भएको सो योजनाको अवधि तीन महिनाको हुनेछ । आइ.ई.एल.टि.एस (IELTS) र पि.टि.ई. (PTE) कक्षामा अग्रणी एजुकेशन पार्क र नेपालको पहिलो भुक्तानी प्रदायक आईएमई पे बीचको यो योजनाले सो कक्षा लिन चाहने विद्यार्थीहरुलाई अझ सहज हुने कुरामा दुबै कम्पनीले विश्वास लिएका छन् ।

योजनाको अवधि ३ महिनाको भएता पनि पहिला कक्षा बुक गर्ने विद्यार्थीहरुले आफ्नो समय अनुसारको कक्षाको छनौट गर्न सक्नेछन् । विद्यार्थीहरु माझ अति नै लोकप्रिय दुबै कक्षा अनलाईन मार्फत समेत लिन सकिने व्यवस्था गरेको एजुकेशन पार्कले जनाएको छ ।

# हिमालय एअरलाइन्सद्वारा काठमाडौं–ल्हासा काठमाडौं–उडान सेवा सुरु




**काठमाडौं–** नेपाल-चीन संयुक्त लगानी भएको हिमालय एअरलाइन्स्ले डिसेम्बर २८, २०२३ देखि ऐतिहासिक काठमाडौं-ल्हासा-काठमाडौं उडान सेवा सुरु गरेको छ ।

यो सेवाबिस्तारलाई एअरलाइन्स्ले नेपाल र चीनबीचको कनेक्टिभिटी बढाउने र द्विपक्षीय सम्बन्धलाई प्रवर्द्धन गर्ने प्रतिबद्धताका रुपमा लिएको छ । चीनको तिब्बत स्वायत्त क्षेत्रको राजधानी सहर,ल्हासा उच्च हिमालय क्षेत्रमा रहेको सांस्कृतिक र आध्यात्मिक केन्द हो ।

मनमोहक परिदृश्य र प्राचीन गुम्बाहरूका लागि परिचित ल्हासाले तिब्बती बौद्ध धर्म र तिब्बती संस्कृतिको केन्द्रको रूपमा गहिरो महत्व राख्दछ । यस सहरको समृद्ध इतिहास र परम्पराहरूको अद्वितीय मिश्रणले यसलाई तिब्बतको आध्यात्मिक सम्पदा र प्राकृतिक सौन्दर्यको झलक हेर्न खोज्ने यात्रुहरूका लागि मनमोहक गन्तव्यको रूपमा प्रस्तुत गरेको छ ।

नयाँ काठमाडौं-ल्हासा-काठमाडौं रुटले यात्रुहरूलाई नेपालको जीवन्त राजधानी सहर काठमाडौं र ऐतिहासिक रूपले समृद्ध एवम् रमणीय सहर ल्हासाकाबीचमा सहज यात्राको विकल्प प्रदान गर्नेछ । पहिलो आउट बाउन्ड ज्ढ ठठ्द, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समय अनुसार बिहान ८:४० बजे प्रस्थान गरेको थियो र ल्हासागोङ्गार विमानस्थलमा स्थानीय समय अनुसार बिहानको १२:००बजे अवतरण गर्ने छ ।

यस उडानको अवधि १ घण्टा २० मिनेटको रहनेछ । पहिलो उडानमा कूलयात्रु संख्या१३६ रहेको थियो । जनवरी १, २०२४ देखि एअरलाइन्स्ले हरेक सोमबार यी दुई सहरहरूका बीचमा उडान सेवा सञ्चालन गर्ने छ ।

यस उडान सेवासँगै नेपाल र चीनबीच हिमालय एअरलाइन्स्को यो पाँचौं सिधा उडान सेवा हुनेछ । एअरलाइन्स्ले यस अघि नै बेइजिङ, चोङकिङ ,छिन्ताओ र सांघाईमा नियमित रूपमा उडान सेवा सञ्चालन गर्दै आएको छ ।

# नेपाल एसबिआई बैंकको ३०औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** शेयर धनीलाई चुक्ता पँजीमा १०.५५% लाभांश (३.७५% बोनश शेयर तथा ६.८०% नगद लाभांश) वितरण गर्ने प्रस्ताव पारित नेपाल एसबिआई बैंक लि.का शेयरधनीहरुको ३०औं वार्षिक साधारण सभा मिति २०८०पौष १३ गते २९ डिसेम्बर २०२३ त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भयो ।

उक्त सभाले बैंकको आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/८० वार्षिक आर्थिक विवरण असार मसान्त २०८० को वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत पारित गऱ्यो ।

साधारण सभाले बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (ऋयलकयष्मिबतभम) वित्तीय विवरण समेत स्वीकृत गऱ्यो । सभाले बैंकका शेयर धनीहरुलाई ३.७५% बोनश शेयर र ६.८०% नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) गरी चुक्ता पुँजीमा जम्मा१०.५५प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

उक्त साधारण सभाले आ.व. २०८०/८१ मा बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्स पिकेएफ टि.आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेन्ट्सलाई लेखा परीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरेको छ ।

साथै, उक्त सभाले बैंकको प्रबन्धपत्रको विभिन्न दफामा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ । उक्त सभाले बैंकको तर्फबाट अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वाप्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा आवश्यक कामहरु गर्न/गराउन सक्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

# अर्थ संसार

## महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरूलाई विभिन्न संस्थाका सेवाहरूमा विशेष छुट

काठमाडौं- "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, र होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थाहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षतकार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## नबिल बैंकको ३९ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** नबिल बैंक लिमिटेडले आफ्नो ३९ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

बैंक सञ्चालक समितिका अध्यक्ष उपेन्द्र प्रसाद पौड्यालको अध्यक्षतामा बिहीबार वार्षिक साधारण सभा सम्पन्न गरिएको हो । सभाले बैंकको सञ्चालक समितिले सिफारिस गरे बमोजिम तथा नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार आ.व. २०७९/०८० को मुनाफाबाट शेयर धनीहरूलाई ११ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

बैंक आ.व. २०७९/८० मा रु. ६ अर्ब ४० करोड मुनाफा गर्न सफल भएको थियो । नबिलले वित्तीय क्षेत्रमा करिब चार दशक समय अघिदेखि गुणस्तर बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ । पछिल्लो समय यस बैंकले दिगो बैंकिङको अवधारणालाई आत्म साथ गर्दै डिजिटल बैंकिङको लागि एनबैंक (लद्यबलप ) सञ्चालनमा ल्याएको छ ।

'क'वर्गको बैंकहरू मध्ये निरन्तर देशकै अग्रणी वाणिज्य बैंकको पहिचान पाएको यस बैंकले दिगो बैंकिङ प्रणालीमा जोड दिएको छ । बैंकका अध्यक्ष पौड्यालले देशको अर्थतन्त्रको परिदृश्यलाई मध्यनजर गरेर बैंकले आफ्ना गतिविधि सञ्चालन गरेको बताए ।

"देशको अर्थतन्त्रको पछिल्लो परिदृष्यहरूलाई मध्यनजर गर्दै नबिल बैंकले नेपालको बैंकिङ क्षेत्रलाई आधुनिकीकरण गर्न, देशको व्यावसायिक एवं औद्योगिक गतिविधिहरूलाई गतिशीलता प्रदान गर्न, देशमा रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोगी भूमिका निर्वाह गरेको छ"उनले भने । बैंकले संस्थागत सुशासन र ग्राहक सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखेको उनले बताए ।

नबिल बैंकले सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशिलता कार्यक्रम 'ल्बदर्ष क्अजयर्या या क्यअष्र्बा झलतचभउचभलभगचकजष्उ (ल्बदर्ष क्क्झ)' सञ्चालन गरेको छ । समाजमा उद्यमशीलताको माध्यमबाट सामाजिक समस्याको दीर्घकालिन समाधान गर्ने, नवीन सोचमा आधारित उद्यमलाई प्रवर्द्धन गर्दै आर्थिक सामाजिक रुपान्तरणलाई बढावा दिने लक्ष्यसहित यो कार्यक्रम शुरु गरिएको हो ।

हाल सम्मतीन सय ३५ जना विद्यार्थीहरूको सहभागिता भएको यस कार्यक्रमले ५२ वटा उद्यम जन्माएको र ८७२ जनाले रोजगारी पाएको उनले जानकारी दिए । साधारण सभालाई सम्बोधन गर्दै बैंकका अध्यक्ष पौड्यालले विगतका वर्षहरूमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा नबिल बैंकमा शेयरधनीहरूले लगानी गरेका स्थापनाकालको चुक्ता पूँजी हाल सम्म आउँदा ९६० गुणाले वृद्धि भएको कुरा बताए ।

संयुक्त राष्ट्र संघको दिगो विकासका लक्ष्यलाई केन्द्र बिन्दुमा राख्दै बैंकले आफ्नो व्यवसाय विस्तार गरिरहेको र सो अन्तर्गतका विभिन्न लक्ष्यहरू जस्तै गरिबी निवारण, शिक्षा, स्वास्थ्य आदिलाई आधार मानी संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम समेत अगाडि बढाइरहेको जानकारी गराए ।

त्यस्तै बैंकले स्थापनाका लदेखि हालसम्म देशको राजश्वमा समेत महत्वपूर्ण योगदान दिँदै आएको जानकारी गराए । नबिलले देशभर २६६ शाखा सञ्जालसहित २२ वटा एक्सटेन्सन काउन्टर र ३१३ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक


# बालकुमारी घटनामा मृतकका परिवारलाई आर्थिक क्षतिपूर्तिसहित रोजगारीको बन्दोबस्त गर्ने



**काठमाडौं–** कांग्रेस सांसद हृदयराम थानीले बालकुमारी घटनामा परी ज्यान गुमाएका परिवारलाई आर्थिक क्षतिपूर्तिसहित रोजगारीको बन्दोबस्त गर्न सुझाव दिएका छन् । राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा गृहमन्त्रीसहित सुरक्षा निकायका प्रमुखहरूसँगको छलफलमा सांसद थानीले राहतका साथै रोजगारीको व्यवस्था गर्न सुझाव दिएका हुन् ।

'बालकुमारी घटनामा मृतकका परिवारको आर्थिक अवस्था कमजोर छ । मृतकहरू कहाँ जाँदै थिए ,रोजगारीका लागि जाँदै थिए । आमा, बाबु, दिदीबहिनी पाल्नुपर्ने भनेर जान लागेका उनीहरूलाई दिइएको १०र२० लाख मासिन सक्छ,' उनले सरकार र सम्बन्धित निकायले दिने राहत अपुग हुने बताए ।

'उनका परिवारलाई तत्काल रोजगारीको व्यवस्था गरियोस् भन्ने कुरा गृहमन्त्रीलाई भन्न चाहन्छु', सांसद थानीको भनाइ छ । साथै उनले बालकुमारी घटनामा मन्त्रीजस्तो व्यक्तिलाई धकेल्ने र गाडी जलाउने अवस्था किन र कसरी आयो भनेर प्रश्न समेत गरे ।

# चुनौतीहरूको सामना गर्न, इन्दिरा आईभीएफ नेपाल केन्द्रको स्थापना




**काठमाडौं–** भारतमा आईभीएफ अस्पतालहरूको अग्रणी नेटवर्कको रूपमा मान्यता प्राप्त इन्दिरा आईभीएफले नेपालका लागि काठमाडौंमा पनि आफ्नो केन्द्र खोल्ने घोषणा गरेको छ ।

भारतमा प्रजनन सम्बन्धी समस्याका लागि अत्याधुनिक समाधानहरू प्रदान गर्ने संस्थाहरुमध्ये अग्रपंक्तिमा रहेको इन्दिरा आईभीएफ आशावादी अभिभावकहरूको आकांक्षालाई साकार पार्ने समर्पणका साथ नेपालमा प्रवेश गरेको छ ।

नेपालमा एउटा केन्द्र स्थापना गर्ने निर्णय यस क्षेत्रका धेरै व्यक्तिहरूलाई सताउने बाँझोपनको सामना गर्ने तत्कालको आवश्यकता बोधबाट उत्पन्न भएको हो । तथ्यांक र प्रमाणहरूले विगत केही वर्षहरूमा नेपालको प्रजनन दरमा लगातार गिरावट आएको सङ्केत गर्छ । सन् २०२३ मा यो दर प्रतिमहिला १.७९९ रहेको छ जुन अघिल्लो वर्षको तुलनामा १.४८५ले कमि हो ।

बृहत् अध्ययनहरूले बाँझोपनसँग लडिरहेका नेपाली परिवारहरूले सामना गरिरहेका गम्भीर आर्थिक तनावदेखि सामाजिक बहिष्करण, हिंसाका घटना र उचित मृत्युसंस्कार समेत प्राप्त नहुने जटिल चुनौतीहरूलाई उजागर गरेको छ ।

नेपालमा स्वास्थ्य सेवाको यात्रा सुरु गर्दै इन्दिरा आईभीएफ यस क्षेत्रलाई बलियो रूपमा जकडेको बाँझोपनका गम्भीर चुनौतीहरूको सामना गर्न दृढ छ । बाँझोपनको भावनात्मक पक्ष यसै महङ्गो छ भने मार्मिक वास्तविकता यो पनि छ कि धेरै नेपाली दम्पतीहरू गुणस्तरीय उपचारको लागि भारत जान बाध्य छन् ।

यो कठिन यात्राले उनीहरूको आर्थिक बोझ र व्यवधानहरू मात्र बढाउँछ । हामी नेपालका मानिसहरूले बाँझोपनको सामना गर्दा भोग्ने विशेष कठिनाइहरू बुझ्दछौं । एक चिकित्सा अवस्थाको रूपमा बाँझोपनको बारेमा जागरूकताको कमी र मद्दतको लागि सही ठाउँहरू छनौट गर्न वा फेला पार्न गाह्रो हुनु पनि यसका समस्या हुन् ।

इन्दिरा आईभीएफ नेपाल केन्द्रकि प्रमुख तथा आईभीएफ विशेषज्ञ डा. नेहा हुमागाईले जोड दिए । , "नेपालमा बाँझोपनको प्रभाव गहिरो हुन्छ । यसको असर गर्भधारण गर्न असक्षमताको स्थिती मात्र नभई त्योभन्दा धेरै टाढासम्म फैलिएको हुन्छ । यस्तो अवस्थामा दम्पतिहरूले ठूलो पीडा अनुभव गर्छन्, बहिष्करण र अक्षमताको महसुस गर्छन् । सन्तानविहीन हुनुको असर पश्चिमी समाजको तुलनामा विकासोन्मुख राष्ट्रहरूमा बढी नै हुने गर्छ ।

# बंगालदेशबाट नेपालसम्म बस चलाउने तयारी

ढाका- बंगलादेश रोड ट्रान्सफोर्ट कर्पोरेसन (बीआरटीसी) ले नेपाल र भारतमा चारवटा नयाँ अन्तर्राष्ट्रिय रुटको बस सेवा सञ्चालन गर्ने तयारी गरेको छ । सस्तो हुने भएकाले धेरै मानिसहरू बसमा यात्रा गर्न इच्छुक देखिएकाले यस्तो योजना बनाइएको हो ।

बीआरटी अधिकारीहरूका अनुसार चार नयाँ रुटहरूमा चट्टोग्राम-कोलकाता, ढाका-गान्टोक (सिक्किम), बारिसाल-कोलकाता र ढाका-नेपाल रहेका छन् । डेली सनका अनुसार बीआरटीसीले सन् २०१८ मा नै ढाका-नेपाल रुटबारे सर्वेक्षण गरेको थियो । दुईवटा बसमा ८० जना प्रतिनिधि बोकेर परीक्षण यात्रा गरिएको थियो । तर, यसको सुरुवात भने हुन सकेको थिएन ।

त्यस्तै, चट्टोग्राम-कोलकाता रुट व्यावसायिक रूपमा सफल हुने सर्वेक्षणमा पाइएको छ । यसका लागि बीआरटीसीले रोर्ड ट्रान्सपोर्ट र ब्रिजेज मन्त्रालयलाई प्रस्ताव पठाइसकेको छ । त्यहाँबाट उक्त प्रस्ताव अन्तिम निर्णयका लागि विदेश मन्त्रालय पुगिसकेको छ ।

ढाका-गान्टोक-दार्जिलिङ रुटका लागि पनि सन् २०१९ मा नै सर्वेक्षण र परीक्षण यात्रा सम्पन्न भइसकेको छ । यसका लागि दुवै देशको




सहमतिको पर्खाइ रहेको छ । बारिसाल-कोलकाता रुटमा भने खासै प्रगति हुन सकेको छैन ।

'ढाका-नेपाल बस रुटमा कुरा धेरै अघि बढेको छ । तर, यसका लागि केही समय लाग्नसक्छ । किनभने यहाँ तीनवटा देश संलग्न हुन्छन्,' बीआरटीसीका अध्यक्ष एमडी ताजुल इस्लामले डेली सनसँग भने, 'यहाँ भूराजनीतिक स्वार्थ पनि जोडिएको छ ।'

बंगलादेशले सन् १९९९ मा पहिलोपटक ढाका-कोलकाताको अन्तर्राष्ट्रिय बस सेवा सुरु गरेको थियो । हाल ढाका-कोलाकातासहित अगरताला-ढाका, ढाका-सिलोङ-गुवाहाटी र ढाका-खुल्ना-कोलाकता गरी चारवटा अन्तर्राष्ट्रिय रुटहरू रहेका छन् ।

# खेलकुद

## रामेछापको गोकुलगंगा गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधी सारदा माविलाइ



**रामेछाप–** रामेछापको गोकुलगंगा गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधी सारदा माविले जितेको छ ।

विभिन्न विद्यामा भएको छात्रछात्रा प्रतियोगितामा ठोसेस्थित सारदा माविले ७ स्वर्ण, ९ रजत र ४ काश्यगरी २० पदक प्राप्त गरेको छ । सारदा माविले रनिङ शिल्ड उचालेसँगै जनजागृत माविले उपविजेतामा चित्त बुझाएको छ ।

उपविजेता बनेको जनजागृति माविले पनि २० पदक हात पारेको छ । ७ स्वर्ण, ६ रजत पाएको सो विद्यालयले ७ कास्य प्राप्त गरेको हो । गोकुलगंगा माविले ६ स्वर्ण, ४ रजत र ३ कास्य गरी १३, जट्टेश्वरी माविले ४ स्वर्ण, २ रजत र १० कास्य गरी १६ पदक, प्राप्त गर्दा कमलादेवी माध्यमिक विद्यालयले ३ स्वर्ण, ५ रजत र ३ कास्य गरी ११ पदक प्राप्त गरेको छ ।

श्री माध्यमिक विद्यालय फर्पुले १ स्वर्ण, ३ रजत र १ कास्य पाउँदा सेतीदेवी माध्यमिक विद्यालयले १ स्वर्ण र २ कास्य पाएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गोकुलगंगा गाउँपालिकाभित्रका ७ वटा माविका विद्यार्थीहरुले सहभागी जनाएका थिए ।

## सुनकोशी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शील्ड सम्पन्न



**सिन्धुली–** "स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने मुल नाराका साथ शुरु भएको सुनकोशी गाउँपाकिला अन्तर माविस्तरीय खेलकुद भव्य कार्यक्रमका बीच सम्पन्न भएको छ । ११ गते वाडन ५ को मुलकोट खेल मैदानमा शुरु भएको थियो । शुरुको खेलको उदघाटन कार्यक्रमको सभापति सुनकोशी गाउँपालिकाका शिक्षा तथा खेलकुद शाखा प्रमुख ओम गौतमको रहेको थियो । प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य सिन्धुलीका राजन दाहालको आतिथ्य तथा विशेष अतिथि छत्रमान बञ्जनको आतिथि, सुनकोशी गाउँपालिकाका अध्यक्ष दीपा दाहाल, उपाध्यक्ष कपिल कुमार कोइराला,सुनकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन दर्जी अतिथि लगायत जनप्रतिनिहरुको आतिथ्यमा कार्यक्रम भएको थियो ।

तिन दिनसम्म चलेको खेलमा १० वटा माविका विद्यार्थीहरुले बिभिन्न विद्याका खेलामा प्रतिस्पर्धा गरेका थिए । प्रतिस्पर्धामा भाग लिएका माविहरुको नामवली यस प्रकार छ ।

१ कुशेश्वर मावि दुम्जा,
२ ज्वालादेवी मावि दुम्जा
३ पञ्चकन्या मावि हायुगाउँ
४ माध्यमिक विद्यालय गुठबजार
५ सिद्ध मावि कोटगाउँ
६ प्रगति मावि रातमाटा
७ गणेश मावि थापाथुम्का
८ ग्रामकाली मावि असारे
९ दिर्धदीप मावि खाल्टे
१० गणेश मावि मझुवा रहेका थिए ।

समापन कार्यक्रमको प्रमुख अतिथि सुनकोशी गाउँपालिकाकी अध्यक्ष दीपा दाहाले रहेकी थिइन भने विशेष अतिथिमा सोही गाउँपालिकाका उपाध्यक्ष कपिल कुमार कोईराला, सुनकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन दर्जी अतिथि रहेका थिए । त्यसैगरी अतिथिहरुमा गाउँपालिकाका जनप्रतिनिधिहरु, सामाजिक क्षेत्रका संघ, सस्थाका प्रतिधिहरु रहेका थिए ।

सवै माविले उत्साजनक भाग लिएका थिए । भाग लिएर प्रतिस्पर्धा गरेका मध्य सवैभन्दा बढी पदक जित्न सफल दिर्धदीप मावि खाल्टेले ८ स्वर्ण, २ रजत, १ कास्य पदक जितेर रनिङ शिल्ड आफ्नो बनाएको थियो ।

त्यसैगरी पगतिशील मावि राटमाटाले ७ स्वर्ण, ६ रजत, ५ कास्य सहित दोस्रो हुन सफल भएको थियो ।

त्यसैगरी ज्वालादेवी दुम्जाले ४ स्वर्ण, ५ रजत, ३ कास्य पदक सहित तेस्रो स्थान प्राप्त गर्न सफल भएको थियो ।

कुनैपनि पदक जित्न असफल सिद्धमावि कोटगाउँले सहभागिता जनाएपनि पदक विहिन हुदै खाली हात फर्केको छ ।

***समाचारको स्रोत: वोधबिक्रम थापा सुनकोशी गाउपालिका***

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २१, २०८० साल पुस १७ गते मंगलबार (Jan 02, 2024)

### तातो गोली...

पृष्ठ १ बाट जारी

कोरियाका लागि नेपालका युवाहरु ज्यानै छाडेर कोरिया जान भाषा सिकेर पनि जान तयार भएका हुन् । तर बर्षमा कोटा थोरै हुने हुदा सवैले एकैपटक जान पाउदैनन् । त्यसैले वेला वेलामा कोरिया जान नपाएका युवाहरुले आन्दोलन नै गर्ने गरेकाछन् । आन्दोलन गरेपनि यो कोरियाको सिस्टमवाट कोरियाले कोरियन नागरिक नै ईपिएस परिक्षा लिन शिक्षक पठाएर परिक्षा लिने गर्ने गर्दथ्यो । हाल भने अनलाइन सिस्टमवाट समेत परिक्षा लिने गरेको छ ।

कोरिया सरकारको नीतिमा नेपाली कामदार कोटा नबढाउन जेलसम्म यस्तै आन्दोलन होलान् । तर आन्दोलन समस्याको सावधान होईन । सरकारले गोली नै चलाउनु पर्ने अवस्था आउने गरी युवाहरु बेरोजगार भएको संकेतवाट पाठ सिक्नुपर्छ । युवाहरु काम गर्न आतुर रहेछन् । देश भित्र नै रोजगार सृर्जना गर्ने युवाहरुलाई देशमा नै विश्वासको वातावरण बनाएर विकासमा लगाउने योजना तत्कालको तत्कालै सार्वजनिक गर्ने तयारी गर्नुपर्ने देखिन्छ ।

त्यसो गर्न सरकारले सक्दैन भने युवाहरुलाई दक्षिण कोरिया जस्तै आकर्षण तलव पाउने देशहरुमा जाहा पठाए पनि त्यस देशमा पलायन हुन नदिने गरी पठाउने र उनिहरुले पठाएको पैशा पुर्वाधार कम्पनी स्थपना गरेर जम्मा भएको रकम समेत विकास निर्माण लगाउन सकेको छैन । अउदा दिनमा ऐन कानुनमा समस्या छन् भने तुरुन्तका तुरुन्तै सदनवाट विकासका लागि सवै राजनीतिक दलले एकमत भएर ति विकासमा अवरोध पुग्ने नीति नियमलाई परिमार्जन गरेर देशको विकासमा लाग्नुपर्ने देखिन्छ । त्यस्तो काम गर्न सक्ने हिक्मत भएको सरकार नेपाली जनताको आजको आवश्यता हो ।

आउदा दिनमा रोजगारीमा विदेश जान पाउ भनेर कुनै युवाहरुले आन्दोन गरेर ज्यान गुमाउन नपरोस् ।

### धमलाको जोड...

पृष्ठ १ बाट जारी

हुँदा आज उहाँका अपिहार्यत र आवश्यकता झनै खड्किएका छ । ‘प्रत्येक नेपालीको आस्थाका केन्द्र, शान्तिकादुत राजावीरेन्द्रलाई स्मरण गर्दै गर्दा उहाँको हत्यारलाई पत्ता नलाग्नु दुःखद् कुरो हो ।’

स्वर्गीय राजा वीरेन्द्र शान्ति प्रतिष्ठानका अध्यक्ष शिबहरी खनालले विश्व शान्ति क्षेत्र घोषणको लागि त्याग गर्ने नेता राजा वीरेन्द्रले नेपाली जनतालाई गरेको प्रेम, विश्वास, विश्व शान्तिको लागि गरेका योगदान, समृद्ध नेपाल निर्माणको लागि गरेको त्यागलाई हामी कहिल्यै भुल्न नसकिने बताए ।

प्रतिष्ठानका सचिव रञ्जित धमलाले राजावीरेन्द्रको देश र जनताप्रति गरेको त्यागको उच्च मुल्यांकन गर्दै उहाँको शान्ति र विकासको गरेका कामको अनुशरण गर्नुपर्ने बताए । राजाबीरेन्द्र र राजसंस्थालाई गलत देख्ने राजनीतिक दल/नेता तथा व्यक्तिहरु भ्रष्ट छन् भन्ने कुरा त प्रष्टै छ र प्रमाणित भइसकेका बताए । जनताको लागि होइन आफ्नै परिवार र दलगत स्वार्थमा लिप्तभएको टिप्पणी गरे ।

स्थानीय तहदेखि प्रदेश र संघ सरकारसम्म सेटिङ्ग गरेर देशमा ब्रह्मलुट गरेका छन् । छिटो भन्दा छिटो हत्यारा पत्तालगाई सत्य तथ्ययथार्थ नेपाली जनता समक्ष ल्याउन प्रतिष्ठान राज्यसँग माग गर्दछ । राजावीरेन्द्रको जीवनी पठ्यक्रममा राख्नु पर्नेमा उहाँको जोड छ ।

### सभापति राणा...

पृष्ठ १ बाट जारी

नेपालको कृषि वैज्ञानिक क्षेत्रमा पनि लगानी बढाउनुपर्ने आवश्यकता छ । भारतबाट विषाक्त केरा र माछा आउँदा रोग भित्रिरहेको छ, नेपाली किसान मारमा परिरहेका छन् । सीमा नाका र भन्सारमा अर्थ, गृह र वाणिज्य मन्त्रालयले कडाइ गर्नुपर्छ ।’

सभापति राणाले कृषिमा क्षेत्रमा सरकारले लगानी बढाउनुपर्ने बताउँदै कृषि प्रधान देशमा राज्यको ३ प्रतिशत मात्रै बजेट हुनु दुःखद भएको उल्लेख गरिन । बजेट बढाएर कम्तीमा ५ प्रतिशत पुर्याउन आग्रह गर्दै कृषि सेक्टरबाट धेरै राजस्व उठाउनुपर्ने उनले बताइन् ।

बैठकमा कृषि मन्त्रालयले नेपालमा पहिलो पटक कृषि कानुन बनाउनका लागि ऐनको मस्यौदा तयार पारेको जानकारी दियो । साथै संक्रामक रोगलगायत पशुसम्बन्धी ऐनको मस्यौदा भइरहेको जानकारी गराएको थियो ।

## २४ हजार रूपैयाँ बराबर को नक्कली नोटसहित एक जनालाई पक्राउ



**काठमाडौं-** प्रहरीले गोकर्णेश्वर नगरपालिका-४, गोकर्ण हुनमान चोकबाट २४ हजार रुपयाँ बराबरको नक्कली नोटसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले एक हजार दरको नोटसहित काँडाघारी बस्ने ४० वर्षीया सरिता तामाङलाई पक्राउ गरेको हो । नक्कली नोट कारोबार भइरहेको सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## चिसोले मुसहर बस्तीको जनजीवन कष्टकर



**नवलपरासी-** चिसो बढ्दै जाँदा नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिका-२ मुसहर बस्तीको जनजीवन कष्टकर बन्दै गएको छ । मुसहर बस्तीमा करिब एक सय १३ घरधुरी बसोबास गर्छन् । उनीहरु दैनिक ज्याला मजदुरीबाट गुजारा गर्ने जनाइएको छ ।

स्थानीय शान्ति मुसहरले भनिन्, “जाडोमा न लगाउने न्यानो कपडा छ, न पेटभरि खाने अन्न । जाडो छल्न घामको पार ताप्नु परेको छ । ” ब्लकले बनाएको सानो घरमा न ढोका छ न त झ्याल । “घरमा ओड्ने ओछ्याउने छैन्, पराल ओछ्याएर सुतेका छौं, श्रीमान्ले काम पाउनुभएको छैन”, उनले भनिन्, “यो चिसोमा बिहान बेलुकाको छाक टार्न पनि मुस्किल भएको छ ।” झुप्रो घरभित्र परालमा सुतेर रात कटाउने शान्ति जस्तै यहाँ धेरै छन् ।

स्थानीय जितनी माझी उमेरले ६५ वर्ष पुगिन् । अहिले काम नभएपछि अन्न र लत्ताकपडा किन्ने पैसा नभएको उनले बताइन् । “पेटभरि खान नपाएको छैन, जाडोमा केटाकेटीले छिनछिनमै खान खोज्छन्, तर खानदिने अन्न छैन”, उनले भनिन्, “मजदुरी गर्न काम पाइएको छैन , कति दिन भई सक्यो एक छाक खान्छौ ।”

देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले मुसहर बस्तीमा लत्ताकपडा र खाद्यान्न तत्काल व्यवस्था गर्ने जानकारी दिए । उनले भने, “ केही लत्ताकपडा, खाद्यान्न नगरपालिकाको तर्फबाट तत्काल व्यवस्था गर्छौ । ती समुदायको आर्थिक स्तर माथि उठान नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयन समेत गर्ने छ ।”

# अन्तराष्ट्रिय समाचार

## रूसमा युक्रेनको घातक हमला, २० जनाको मृत्यु



**काठमाडौं-** रुसमा हवाई हमला हुँदा २० जनाको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन् । यो आक्रमण युक्रेनले गरेको आरोप रुसले लगाएको छ ।

रुसको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने सिमावर्ती शहर बेलगोरोडमा शनिबार हवाई हमला भएको थियो । आक्रमणबाट तीन बालबालिकासहित २० जनाको मृत्यु भएको जनाएको छ । यसअघि गत शुक्रबार रुसले युक्रेनमा आक्रमण गर्दा ३९ जनाको ज्यान गएको थियो । त्यसैको जवाफ स्वरुप युक्रेनले रुसमा आक्रमण गरेको बताइएको छ ।

बीबीसीका अनुसार रुस-युक्रेन युद्धको क्रममा रुसमा भएको यो मिसाइल आक्रमण सबैभन्दा खतरनाक हो । युक्रेनले अनेकौं प्रकारका हतियार प्रयोग गरेर आक्रमण गरेको आरोप रुसले लगाएको छ । त्यसमा युक्रेनी ओल्खा र चेक निर्मित भ्याम्पायर रकेट पनि प्रयोग भएको बताइएको छ ।

युक्रेनले भने रुसले गरेको आक्रमणको प्रतिक्रिया स्वरुप रुसी क्षेत्रमा ७० भन्दा बढी ड्रोन लन्च गरिएको जनाएको छ । युक्रेनले ड्रोन आक्रमण गरेपछि बेलगोरोडमा ठूलो आवाजका साथ विष्फोट भएको थियो । साथै गाडीहरुका हर्न अस्वाभाविक ढंगले बजेको पनि सुनिएको थियो ।

बेलगोरोड क्षेत्रका गभर्नरले युक्रेनी सेनाको आक्रमण पछिल्लो दुई वर्षयताकै सबैभन्दा गम्भीर खालको भएको बताएका छन् । रुसी रक्षा मन्त्रालयले भने युक्रेनले किभ मोर्चामा खटिएका रुसी सेनाको ध्यान अन्यत्र मोड्न र उक्साउन खोजेको टिप्पणी गरेको छ । उसले युक्रेनको आक्रमण सैत्य नहुने प्रतिक्रियासमेत दिएको छ ।

## ५२ वर्षदेखि शासन गरिरहेकी डेनमार्ककी महारानीद्वारा गद्दी त्यागको घोषणा



**काठमाडौँ-** डेनमार्ककी महारानी मार्गरेट द्वितीयले गद्दी त्यागको घोषणा गरेकी छन् । सन् २०२४ को अवसरमा टेलिभिजन सम्बोधनमा गर्दै उनले आश्चर्यजनक रुपमा गद्दी त्यागको घोषणा गरेकी हुन् ।

उनले आफू रानी बनेको ५२ वर्ष पुगेको अवसरमा आउँदो १४ जनवरीमा औपचारिक रूपमा राजीनामा गर्ने जनाएकी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएकाछन् ।’म सिंहासन मेरो छोरा, क्राउन प्रिन्स फ्रेडरिकलाई छोड्नेछु’ उनको घोषणा छ। सन् १९७२ मा आफ्ना बुवा फ्रेडरिक सीको निधनपछि उनले गद्दी आरोहण गरेकी थिइन् । ८३ वर्षीया महारानी हाल संसारमा शासन गरिरहेकी एकमात्र रानी र युरोपमा सबैभन्दा लामो समयसम्म शासन गर्नेमा पर्छिन् ।

२०२३ को सुरुमा उनको ढाडको शल्यक्रिया गरिएको थियो । ’शल्यक्रियाले स्वाभाविक रूपमा भविष्यको बारेमा सोच्न लगायो - अर्को पुस्तालाई जिम्मेवारी छोड्ने समय आएको छ, मैले निर्णय गर्ने अहिले नै सही समय हो,’ उनको भनाइ उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनएका छन् । डेनमार्कका प्रधानमन्त्री मेटे फ्रेडरिकसेनले गद्दी छोड्ने महारानीको निर्णयको लागि धन्यवाद दिएका छन् ।

डेनमार्कमा कार्यकारी अधिकार निर्वाचित संसद् र सरकारसँग रहन्छ। राजसंस्था राजनीति भन्दामाथि सम्मानित भूमिकामा छ ।

## सन् २०२३ मा संसारभर १२० पत्रकार मारिए

**काठमाडौँ-** सन् २०२३ मा विश्वभर १ सय २० पत्रकार र सञ्चारकर्मी मारिएका छन् । अन्तर्राष्ट्रिय पत्रकार महासंघले आइतबार जारी गरेको प्रतिवेदन अनुसार मारिनेहरुमा ११ पत्रकार महिला छन् ।

आइफजेले गत ८ डिसेम्बरमा संयुक्त राष्ट्रसंघ मानव अधिकार दिवस अघि मारिएका पत्रकारहरूको प्रारम्भिक सूची प्रकाशित गरेको थियो जसमा ९४ जनाको हत्या भएको उल्लेख थियो । वर्षको अन्त्यमा यो संख्या १२० पुगेको हो । इजरायल र प्यालेष्टाइनबीच गाजा क्षेत्रमा भइरहेको युद्धका कारण थप मुत्युको संख्या बढेको आइएफजेले जनाएको छ ।

पत्रकारहरूले स्वतन्त्र रूपमा रिपोर्टिङ गर्न पाउने सुरक्षा सुनिश्चित गर्नु सरकारको दायित्व हो तर यस वर्षको घातक तथ्याङ्कहरूले पत्रकारहरूको सुरक्षा र स्वतन्त्रताको रक्षाको सवाललाई नराम्रो रूपमा चित्रण गरेको आइएफजेका महासचिव महासचिव एन्थोनी बेलाङ्गरले भनेका छन् ।

यस वर्ष मारिएका पत्रकारहरुमा गाजा द्वन्द्वमा मारिने ६८ प्रतिशत छन् । गाजा युद्धका कारण ७५ प्यालेस्टिनी, चार इजरायली, तीन लेबनानी पत्रकार मारिए । सिरियामा तीन सञ्चारकर्मी मारिएका छन् ।

## टोपी दिवश भव्यता साथ मनाइएको छ



**काठमाडौं-** काठमाडौको बसन्तपुर कुमारी मन्दिर परिसरमा आज जागरुक युवा समूकको अगुवाईमा टोपी दिवश भव्यताका साथ मनाइएको छ । देशको पहिचानलाई विर्सन हुदैन भनि १० बर्ष अगाडी आज कै दिन नेपालका युवाहरुले टोपी दिवशको थालनी गरेको युवा जागरुक अभियानका संयोजक समेत रहेका घनश्याम श्रेष्ठले सञ्चारकर्मीहरुसँग कुराकानी गर्ने क्रममा बताएका छन् ।

पौषको चिसो मौषमको कुनै प्रवाह नै नगरी बिहान ८ बजे नै बसन्तपुर कुमारी मन्दिर परिसरमा पुगेका नेपाली नागरिकहरुले आफ्नो पहिचानसँग जोडिएका दौरा शुरुवाल,ढाका टोपी लगाएर राष्ट्रिय झण्डा हातमा बोकेर उत्साह जनक सहभागिता जनाएकाछन् ।

के नारी के पुरुष दुवै समूहका नेपालीहरुले नेपाली पोषाकमा उत्साहजनक सहभागिता जनाएको देखेर नेपाल घुम्न आएका पर्यटकहरुसमेत फोटो खिच्न थालेको देखिन्थ्यो ।

## कुमारी साकोसको सोह्रौं वार्षिकोत्सव सम्पन्न




भक्तपुर- मध्यपुर थिमि नगरपालिका ४ मा सन्चालित कुमारी बचत तथा ऋण सहकारी संस्थाको १६औं वार्षिकोत्सव शनिवार सम्पन्न भएको छ ।

मधपुर नगर पालिका विजयकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यतामा थिमि बैंक्वेटमा सभा सम्पन्न भएको हो । संस्थाका अध्यक्ष उमेश श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा उनले समितिको तर्फबाट आफ्नो प्रतिवेदन पेश गरेका थिए ।

कोषाध्यक्ष अर्जुन श्रेष्ठले आर्थिक प्रतिवेदन पेश गरेका थिए भने उक्त समारोहको संचालन सचिव दिगम्बर श्रेष्ठले गरेका थिए । यसवर्ष संस्थापक शेयर संख्या २७२२ बाट शेयर पूँजी रु. २,१७,७६,०००/- पुगेको जानकारी दिइएको थियो ।

आर्थिक वर्ष २०७९/८०को प्रतिवेदन अनुसार कुल वचत रु.२२,७९,४१,८१३/- र कर्जा लगानी रु.१६,५६,४४,६९०/-पुगेको जानकारी दिइएको थियो ।

कार्यक्रममा थिमिको सांस्कृतिक उत्थानमा (जिब्रो छेड्ने कार्यमा) योगदान पुर्याएका बालकराम श्रेष्ठ र अर्का सुजन वाग श्रेष्ठलाई मायाको चिनो र सम्मान पत्रद्वारा सम्मानित गरिएको थियो । सो कार्यक्रम भव्य र सभ्य रहेको सहभागी शेयर सदस्यहरुको भनाई रहेको छ ।

# मनोहरा साहित्य समाजको आठौं वार्षिकोत्सवको अवसरमा सात स्रष्टा सम्मानित

**काठमाण्डौं–** मनोहरा साहित्य समाजले स्थापनाको आठौं वार्षिकोत्सव तथा ८४औं नियमित रचनावाचन शृङ्खलाको अवसर पारेर विभिन्न बिधाका सातजना साहित्यकारहरुलाई प्रशंसा,सम्मान तथा अभिनन्दन कार्यक्रम सम्पन्न गरिएको छ ।

मनोहरा स्थित ग्लोबल पब्लिक स्कुलमा आयोजित कार्यक्रममा बद्रीनाथ-अभिनव छन्दोवद्ध कविता पुरस्कारबाट पुरस्कृत समाजका अध्यक्ष डिल्लीराज अर्यालको सभापतित्व तथा वरिष्ठ साहित्यकार प्रह्लाद पोखरेलको प्रमुख आतिथ्यताका साथै साहित्यकार प्रतीक ढकाल, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि' सिनामंगल नगर सेवा समाजका अध्यक्ष विजयराज पौडेल,डा.रमेश शुभेच्छु तथा ग्लोबल पब्लिक स्कूलका प्राचार्य मातृका कार्कीको समपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।



प्रमुख अतिथि प्रह्लाद पोखरेलद्वारा दीप प्रज्ज्वल गरी समुद्घाटन गरिएको सो कार्यक्रमको शुभारम्भ राष्ट्रिय गानबाट गरिएको थियो, भने सभाध्यक्ष अर्यालले भूपि तथा लेखनाथको सम्फनामा उनका केही रचना वाचन गरेर सहभागीहरुलाई स्वागत मन्तव्य पश्चात रचनावाचन प्रारम्भ गरिएको थियो।

उक्त प्रशंसा-पत्र वितरण सम्मान तथा अभिनन्दन कार्यक्रममा समाजका कोषाध्यक्ष तथा साहित्यकार खोलाघरे साहिंलोद्वारा सम्मानित ब्यक्तिहरुको ब्यक्तित्व परिचय गराउनुका साथै सुमन पुडासैनी तथा सम्पत् काफ्लेले सम्मान अभिनन्दन पत्र वाचन गरेका थिए । सो अवसरमा नेपाली शिक्षा परिषद् लेखनाथ साहित्य सदनकी अध्यक्ष करिव ३ दर्जन मान-सम्मान बाट सम्मानित साहित्यकार रमा शर्मा,आख्यानकार तथा कम्प्यूटर हार्डवेयरका ज्ञाता,कक्षा १२ को नेपाली बिषयको पाठ्यक्रममा रहेको गोर्खे शिर्षकका बिज्ञानकथाका कथाकार ,६ वटा उपन्यास लेखिसकेका उपन्यासकार बखतबहादुर थापा, नियमित रचना वाचन गर्नेहरूमध्येबाट डेढ़ दर्जन जति पुस्तक प्रकाशित गरिसकेका गद्य पद्य दुवै बिधाका सिद्धहस्त निर्भीक साहित्यकार रत्ननिधि रेग्मी 'शुक्राचार्य' , क्रिकेटका पूर्व अञ्चलस्तरीय खेलाडी गीत कथा कविता निवन्ध लेखनमा थुप्रै पटक पुरस्कृत भइसकेका अभिनव साहित्य समाजका कोषाध्यक्ष घनश्याम प्रसाईं , संस्थापक सदस्यहरुबाट स्रष्टा पदयात्राका संयोजक ,मनोहरा साहित्य समाजका परिकल्पनाकार तथा जीवाश्म निवन्ध संग्रह, तपोधन उपन्यासका लेखक प्रकाशोन्मुख कृति आरम्भका सर्जक शितल गिरी,कथा कविता, निवन्ध, बाल साहित्य तथा उपन्यास लगायत साहित्यका सवै बिधामा निपूर्ण सिद्धहस्त लेखक,मनोहरा साहित्य समाजका परिकल्पनाकार मध्यका एक प्रकाशमणि दाहाल, लगायत शिक्षण तथा प्रशासनिक क्षेत्रमा संलग्न भई आफ्नो सम्पूर्ण सम्पत्ति क्याम्पसलाई प्रदान गरेका महेन्द्र रत्न बहुमुखी क्याम्पस इलामका संस्थापक प्राचार्य मनोहरा साहित्य समाजका परिकल्पनाकार मध्य शिर्ष ब्यक्तित्व डा. खगेन्द्रनाथ शर्मा लाई सम्मानित गरिएको थियो ।

सम्मानित ब्यक्तित्वहरुले समाजबाट प्राप्त सम्मान अभिनन्दन र प्रशंसाले लेखन कर्मलाई थप जिम्मेवार बन्न प्रेरित गरेको बताउँदै कृतज्ञताब्यक्त गर्दै रचना वाचन गरेका थिए ।

कार्यक्रममा विशिष्ट अतिथि प्रतीक ढकाल, विजयराज पौडेल,मातृका कार्की, लगायत गोविन्द घिमिरेले साहित्यिक उन्नयनका कर्ममा समाजले निरंतर क्रियाशील रही आम पाठकको मन जित्नु पर्नेमा जोड दिंदै सम्मानित भएका साहित्यकारहरुलाई शुभकामना व्यक्त गर्दै आ-आफ्ना रचना बाचन गरेका थिए भने अर्का बिशिष्ट अतिथि गोविन्द घिमिरे 'वेदमणिले' आफूले मनोहरा साहित्य समाजको अक्षयकोषका लागि रु एक लाख प्रदान गर्ने घोषणा गरेका थिए ।

उक्त कार्यक्रममा डिल्लीप्रसाद मूलतिहुन, नारायण जनकपुरी, ओमप्रसाद कोइराला, रुबी सत्याल, उषा बस्ताकोटी खनाल, शीतल गिरी, घनश्याम प्रसाईं, बखतबहादुर थापा, केशव ज्ञवाली, भोजराज रेग्मी 'मुखाले' सरिता घिमिरे, धरणी गुरागाईं, पि टि बराकोटी, बुद्धिसागर पौडेल, रुद्र अधिकारी, सूर्यप्रसाद डुम्रे, राजेन्द्रकुमार बज्राचार्य, माधवलाल श्रेष्ठ, टि एन भट्ट 'विश्वामित्र' भावना न्यौपाने, प्रेमनाथ घिमिरे, ठाकुर प्रसाद खतिवडा, सारदा पराजुली, परशुराम पराशर लगायतका स्रष्टाहरूले रचना वाचन गरेका थिए ।

कार्यक्रममा डा.रमेश शुभेच्छुले वाचित रचनामाथि समीक्षात्मक टिप्पणीसहित आफ्नो रचना सुनाएका थिए भने प्रमुख अतिथिको रुपमा बोल्दै पोखरेलले सृजनाले युगको आवाज बोल्नु पर्ने र समाजलाई दिशानिर्देश गर्नुपर्ने बताउंदै समाजको उज्वलताको कामना गरे । सयौं स्थापित साहित्यकारहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा समाजका उपाध्याक्ष जसध्वज गुरुङले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रम भावकेशर बरालले कुशलता पूर्वक सञ्चालन गरेका थिए ।

# सातौं मनास्लु राष्ट्रिय अर्वाडद्धारा गायक शिव सागर खड्का सम्मानित




काठमाडौं- "एक विधा एक स्टार" सातौं मनास्लु राष्ट्रिय अर्वाड - २०८० द्वारा गायक तथा मोडल शिव सागर खड्का सम्मानित भएका छन् ।

मन बहादुर पुनको अध्यक्षतामा ,आदिवासी जनजाति आयोगका अध्यक्ष – माननीय राम बहादुर थापा मगर प्रमुख अतिथि वरिष्ठ अधिवक्ता गौ बहादुर आले मगर विशिष्ट आतिथ्यतामा राष्ट्रिय नाचघर जमलमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

मनास्लु मिडिया प्रा.ली द्वारा सञ्चालित हरपल खबरको रफ्तार' मनास्लु पोष्टको सातौं वर्ष पुरा गरेको अवसर पारेर विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति एवं संस्था सेवाको कदर स्वरूप "एक विधा एक स्टार" सातौं मनास्लु राष्ट्रिय अर्वाड - २०८० द्वारा गीत सङ्गीत क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाउन सफल गायक तथा मोडल शिव सागर खडकालाई समान पत्र सहित अर्वाडबाट सम्मानित गरिएको छ ।

रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका वाड न १ गर्जाङमा बुवा यम बाहादुर खड्का र आमा यम कुमारी खड्काको कोखबाट जन्मिएका गायक शिव सागर खडका गीत सङ्गीत क्षेत्रका एक चम्किला तारा हुन । उनले झन्डै तीन दर्जनभन्दा बढी गीत बजारमा निकाली सकेका छन् । भने एक दर्जन गीतमा आफ्नै शब्द /संगीत र आफ्नै आवाज दिएका छन् ।

२०७२ सालदेखि सांगीतिक क्षेत्रमा निरन्तर लागेका खड्काका कति गीत चर्चामा समेत रहेका छन् । कति गितले इतिहास रचन सफल भएकाछन् । पछिल्लो समयमा गीत संगीतबाट उनले दर्शक श्रोताबाट अत्यन्तै माया र साथ सपोट पाएका छन् ।

लामो समय गीत सङ्गीत क्षेत्र र मोडलिङ क्षेत्रमा चर्चा कमाउँदै आएका खड्का सातौं मनास्लु राष्ट्रिय अर्वाडद्धारा सम्मानित हुन पाउँदा आफू खुसी रहेको आगामी दिनमा नयाँ सिर्जना ल्याउन अर्वाडबाट थप ऊर्जा थपिएको बताउँछन

# ३० औं अप्पा अवार्डद्धारा मोडल सचिन खड्का सम्मानित

**काठमाडौं–** भारतमा आयोजित ३० औं अप्पा अवार्डबाट मोडल सचिन खड्का सम्मानित भएका छन् ।




विगत २ दशकभन्दा बढीदेखि भारतको उत्तर प्रदेशमा कला, सँस्कृति, पर्यटन र सिनेमाको विकास र प्रबर्द्धनमा क्रियाशील 'उत्तर प्रदेश आर्टिष्ट एकेडेमी' ले आयोजना गरेको ३० औं अप्पा अवार्डबाट नेपालका उत्कृष्ट मोडल सचिन खड्का सम्मानित भएका हुन् ।

शनिवार भारतको उत्तर प्रदेशमा आयोजित विशेष कार्यक्रममा उत्तर प्रदेशका मुख्यमन्त्री ब्रजेश पाठकले अवार्डसहित सम्मान गरेका हुन् ।

बिगत केही बर्षदेखि मोडलिङ क्षेत्रमा चर्चा कमाउँदै आएका सचिन खड्का ३० औं अप्पा अवार्डद्धारा सम्मानित हुन पाउँदा आफू खुसी रहेको आगामी दिनमा नयाँ सिर्जना ल्याउन अर्वाडबाट थप ऊर्जा थपिएको बताउँछन ।

# प्रहरी नायब महानिरिक्षिक रविन्द्र केसीको कथा संग्रह सम्बन्धको दोबाटो बिमोचन




**मोहन कार्की**

काठमाडौ । २०८० पौष १४ गते शनिबार कथाकार रविन्द्र केसीको कथा संग्रह" सम्बन्धको दोबाटो" बिमोचन भएको छ ।

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्त बहादुर कुवंरको प्रमुख आथित्यमा आख्यान पुरुष ध्रुवचन्द्र गौतम एवं नेपाल स्रष्टा समाजका अध्यक्ष ओम श्रेष्ठ रोदन लागायतले कथा संग्रहको लोकार्पण गरिएको हो ।

उक्त कृतिको बारेमा समालोचक ज्ञानु आधिकारी ,राजकुमार बानियाँ, वरिष्ठ साहित्यकार हरि अधिकारी लगायतले समिक्षात्मक टिप्पणी गरेका थिए ।

कथाकार रविन्द्र केसिलाइ लोकार्पण कार्यक्रममा सवैले बधाई तथा उत्तरोउत्त प्रगतिको शुभकामना दिएका थिए ।

# सलिनमान बनियाँ फिल्मसँग टाढिँदै

फिल्मसँग टाढिनु कलाकारहरुको आ-आफ्नै कथा हुन्छन् । कसैलाई व्यक्तिगत जीवनले फिल्मबाट टाढा राख्छ र कोही फिल्मको श्रृंखलाबद्ध असफलताले किनारा लाग्छन् । तर, फिल्ममा राम्रो करिअर हुँदाहुँदै त्यसबाट टाढिएर गुमनाम हुने इच्छा कसलाई हुन्छ होला र ? यदि त्यो भए पनि कि स्वइच्छा कि बाध्यताले हुन्छ । अभिनेता सलिनमान बनियाँको हकमा भने स्वइच्छा बढी देखिन्छ ।



अग्लो कद, कोरियन लुक्स, 'यूनिक' हेयर स्टाइल र स्टाइलिस ड्रेसअपले पहिलो फिल्म 'ए मेरो हजुर २'बाटै सलिन 'स्टार'को रुपमा उदाएका थिए । अभिनयलाई लिएर उनको आलोचना नभएको होइन । तर, उनको पृथक आवरणले चल्तीका चकलेटी हिरोहरुको भीडमा अलग पहिचान बन्यो । युवापुस्तामा उनको उल्लेख्य क्रेज देखियो । मेकरहरु पनि सलिनमानलाई फिल्ममा लिन झुम्मिए ।

'ए मेरो हजुर २'पछि आएका धेरै अफरलाई लत्याएर उनले दोस्रो फिल्मको रुपमा 'यात्रा' छनोट गरे । सम्भवतः यो फिल्म व्यावसायिक रुपमा सफल भैदिएको हुन्थ्यो भने फिल्ममा उनको यात्रा नरोकिन सक्थ्यो । तर, 'यात्रा'को असफलतापछि उनले फिल्मबाट दूरी बनाएका छन् । उनलाई फिल्म अफरको अहिले पनि खासै कमी छैन । तर, उनी आफैंले फिल्म गर्ने इच्छा नदेखाएको पाइन्छ ।

फिल्मबाट टाढिँदै गएका सलिन यतिबेला व्यवसायमा जमिरहेका छन् । दशैंअघि उनले बसन्तपुरमा कोरियन रेस्टुरेन्ट खोलेका छन् । त्यसो त उनको पारिवारिक पृष्ठभूमि नै व्यापारिक हो । यसैले उनी पनि 'विजनेशम्यान' बन्ने प्रयासमा छन् । व्यवसायलाई काँध थाप्दै गर्दा फिल्मसँग भने उनको दूरी बढेको छ । यो दूरी बढ्दै गए कुनै दिन सलिन नेपाली फिल्मका गुमनाम नायक नबन्लान् सकिन्न ।

# यामाहाले नेपालमा ल्यायो रे जेड आर १२५ एफआई स्ट्रिट र्याली हाइब्रिड

**काठमाडौं–** नेपालका लागि यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले सहरी यातायातमा सौन्दर्य थप्नेगरी यामाहाको मौलिक शैली र प्रदर्शनलाई नविन प्रविधीसँग जोडेर बहुप्रतीक्षित रे जेडआर १२५ एफआई स्ट्रिट र्याली हाइब्रिडको अनावरण गरेको छ ।

मनमोहक "मेट कपर" र "स्पार्कल ग्रीन" रङ्गहरूमा उपलब्ध रे जेड आर स्ट्रिट र्याली १२५ एफआई हाइब्रिड -स्कूटर इभोलुसनको अवधारणासँग मेल खान्छ। यसको बडीमा थपिएको स्टाइलिश मेटल प्लेट, ब्रश गार्ड र फराकिलो ब्लक प्याटर्न टायरले यसलाई अझै भव्य बनाउँछ।

रे जेड आर १२५ स्ट्रिट र्याली एफआई हाइब्रिड बलियो एयर कूल्ड, फ्युल इन्जेक्टेड (एफाई) १२५ सीसी ब्लू कोर इन्जिनद्वारा संचालित छ जसले दक्षता र रोमान्चक सवारीको लागि नयाँ मानक स्थापना गर्दछ। यस स्कूटरलाई यसको ग्राउन्डब्रेकिंग स्वचालित स्टप र स्टार्ट प्रणाली ले अरुभन्दा फरक बनाउँछ जो इन्जिन निष्क्रिय हुनबाट जोगाउन बुद्धिमानीपूर्वक बनाइएको हो ।

यसले इन्धनको उत्सर्जन घटाउँछ र त्यसको दक्षतालाई बढाउँछ। एकल थ्रोटल ट्विस्टको साथ निर्बाध रूपमा रि-स्टार्ट गर्दै यो प्रणालीले सवारी वातावरणको मूल्याङ्कन गर्न उन्नत सेन्सरहरू प्रयोग गरी राइडर हरूलाई प्रदुषणरहित र प्रभावकारी यात्रा प्रदान गर्दछ ।

नयाँ पनमा स्मार्ट मोटर जेनेरेटर" (एसएमजी) पनि थपिएको छ जसले एक बेग्लै पारम्परिक इलेक्ट्रिक स्टार्टर बिनानै शान्त तरिकाले इन्जिन सुरु गर्न सक्छ । एक स्कुटर मात्र नभएर रे जेड आर १२५ एफआई स्ट्रिट र्याली हाइब्रिड यामाहाको पर्फर्मेन्समा कुनै सम्झौता नगरी दिगोपनप्रतिको अटल प्रतिबद्धताको प्रमाण हो ।

नवीन सुविधाहरूले भरिएको यसमा उत्कृष्ट एलईडी हेडलाइट, प्रभावशाली एलईडी पोजिसन लाइटहरू र डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर समावेश छन् । स्पोर्टी डिजाइनमा समावेश ब्रश गार्ड आकर्षणका लागि मात्र नभई यसले राइडरलाई आउँदै गरेको वायुप्रवाहबाट सुरक्षित राख्दै एथलेटिसिज्मको स्पर्श समेत थप्छ । कडा मेटल प्लेट र फराकिलो ब्लक ढाँचाका टायरहरूद्वारा परिष्कृत यसको हल्का वजनले असाधारण पिकअप,




उत्कृष्ट ह्यान्डलिंग र सुधारिएको माइलेज सुनिश्चित गर्दछ ।

स्कूटरमा त्रुटिरहित सवारी नियन्त्रण, सुरक्षा र आरामको लागि टेलिस्कोपिक सस्पेन्सन र युबिएसजडित फ्रन्ट डिस्क ब्रेक पनि छ । २१ लिटर क्षमताको अण्डर-सीट स्पेस, मल्टी फंक्सन स्विच, दुई-स्तरको सिट र पास स्विचको साथमा यसले स्टायल, आराम र कार्यक्षमताका लागि डिजाइन गरिएको पूर्ण सवारीको प्याकेज प्रदान गर्दछ ।

एमएडब्लू टू ह्वीलर्स डिभिजनका अधिकारीहरूका अनुसार "रे जेड आर स्ट्रिट र्याली १२५ एफआई हाइब्रिड नविनता र दिगोपनप्रति यामाहाको प्रतिबद्धताको प्रमाण हो। यो बहुप्रतिक्षित स्कुटर नेपालमा ल्याउन पाउँदा हामी अत्यन्त हर्षित छौं । यसले राइडरहरूलाई यातायातको माध्यम मात्र नभई शक्ति, शैली र सुरक्षाको संयोजन प्रदान गर्दै हाम्रा मूल्यवान ग्राहकहरूलाई अत्याधुनिक उत्पादनहरू उपलब्ध गराउने हाम्रो प्रतिबद्धतालाई अझ प्रष्ट्याउँछ।"

# माननीय अर्थ मन्त्रीसंग सवारी साधनहरुको रिएक्सपोर्टको सम्बन्धमा छलफल



**काठमाडौं–** नाडाका अध्यक्ष ध्रुव थापाको नेतृत्वमा गएको एक प्रतिनिधि मण्डलले माननीय अर्थ मन्त्री प्रकाशशरण महतसंग अटोमोवाइल क्षेत्रका विभिन्न विषयहरुमा छलफल गरेको छ ।

उक्त छलफलमा अध्यक्ष थापाले हालै वीरगञ्ज तथा भैरहवा भन्सार परिसरमा जम्मा भएका सामानहरु भन्सार विन्दुबाट छुटाउने सम्बन्धमा सूचना प्रकाशित हुँदा सवारी तथा ढुवानीका साधनहरु समेत छुटाउने गरी भन्सार विभागले मिति २०८०/०८/१० मा सार्वजनिक सूचना जारी गर्दै सवारी तथा ढुवानीका साधनहरु छुटाउन समयावधी समेत तोकेको सम्बन्धमा जानकारी दिनु हुदै भन्सारमा रहेका सवै सामानहरु एकै प्रकृतिका नहुने र विशेषत सवारी तथा ढुवानीका साधनहरुका हकमा अझ यस्ता सवारी साधनहरुको आयु अवधि लामो हुने हुँदा यस्ता सवारी साधनहरुका हकमा अन्य सामानहरु सरह एकै प्रकारको व्यवहार गरिनु न्यायोचित नहुने धारणा राख्नु भयो ।


सोही छलफलको क्रममा अध्यक्ष थापाले हालको विषम परिस्थितीमा सवारी साधनको बजार माग अति न्युन हुँदा हुँदैं पनि सवारी साधन व्यवसायीहरुले क्रमिक रुपमा छुटाउँदै आएको र हालैको ६ महिना भित्रै पनि करीब १६०० सवारी तथा ढुवानीका साधनहरु भन्सार जाँचपास गराइ सकिएको जानकारी दिनु हुदै हाल परि स्थिति जटिल रहेको अवस्थामा समेत व्यवसायीहरुले पार्किङ्ग शूल्क बापत करोडौं रकम तिरी नै रहेको, उत्पादक कम्पनी र आधिकारिक विक्रेताको सम्झौता बमोजिम सवारी साधनहरु उत्पादन गर्न कयौं महिना पुर्व आदेश दिनु पर्ने, सम्झौता बमोजिम सम्झौता अवधिभित्र लिन कबुल गरेको सँख्यामा सवारी साधनहरु लिनै पर्ने अवस्था रहेको र सवारी साधनका आधिकारीक पैठारीकर्ताहरुले सवारी साधन आयात गर्नै पर्ने बाध्यतात्मक अवस्थामा रहेता पनि पैठारीकर्ताहरुले कार्य योजना वनाई क्रमिक रुपमा भन्सार जाँचपास गराउने कार्य गर्दै आइरहेका हुँदा कम्तीमा चालु आर्थिक वर्षको अन्त्य सम्मको लागि भन्सारमा आइसकेका सवारी तथा ढुवानीका साधनहरुको हकमा भन्सार विन्दुबाट सामान छुटाउन मिल्ने गरी समयावधि थपका लागि आग्रह समेत गरे ।

उक्त छलफलमा नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले विक्री हुन नसकी भन्सार विन्दुहरुमा रहेका ती सवारी तथा ढुवानीका साधनहरुलाई कुने पनि मुलुकमा रिएक्सपोर्ट गर्न सकिने व्यवस्थाको परिकल्पना आर्थिक ऐनले पनि गरेको र सो सम्बन्धी प्रावधान समेत रहेको तर सो को कार्यान्वयन भने नभएको भन्दै ती सवारी तथा ढुवानीका साधनहरु रिएक्सपोर्ट गर्नका लागि विद्यमान कानूनी व्यवधानलाई सहजीकरण समेत गरी दिन अनुरोध गरे ।

त्यसैगरी सो छलफलमा नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले नेपाल मै उत्पादन हुने सवै किसिमका व्याट्रीहरु निर्यात गर्दा अन्य निर्यात बस्तुहरुले पाउने सरहको छुट पाउने व्यवस्थाका लागि अनुरोध गर्दे नेपालमा उत्पादित व्याट्रीहरुलाई पनि नेपालको गुणस्तर प्रमाण चिन्ह ल्क् पाउने व्यवस्थाका लागि समेत आग्रह गरे ।

त्यस्तै नाडाका सचिव विक्रम सिंहानियाले पनि नेपालमा उत्पादीत टायर निर्यात गर्दा पनि सोही किसिमको व्यवस्थाका लागि अनुरोध गरे ।

# नेपाल सुपर लिगमा यामाहा रेजेडआर हाइब्रिडको हेल्मेट र्याक पहल




काठमाडौं- दुईपाङ्गे सवारी साधनको दुनियाँमा अग्रणी नाम रेजेडआर हाइब्रिड १२५ ले जारी नेशनल सुपर लिगलाई हेल्मेट र्याकहरू उपलब्ध गराएको छ ।

यस पहलकदमीले सुरक्षाको प्राथमिकता र खेलाडी तथा प्रशंसकहरूको सुविधा बढाउने कम्पनीको अटल प्रतिबद्धता झल्काउने विश्वास कम्पनीले लिएको छ । नेपाल सुपर लिगले फुटबल प्रेमीहरूलाई मोहित तुल्याइरहेको बेला रेजेडआर हाइब्रिड १२५ को यस नौलो पहलकदमीले खेलको मजा लिँदैगर्दा फ्यानहरूलाई हेल्मेट राख्नको लागि सुविधाजनक स्थान उपलब्ध हुनेछ ।

यसले रङ्गशालामा पुग्ने फुटबलप्रेमीहरूसँग आफ्नो हेडगियर राख्न सुरक्षित र पहुँचयोग्य ठाउँको सुनिश्चितता प्रदान गर्नेछ जसले गर्दा वहाँहरुले निश्चिन्त भएर फुटबलको मजा लिन सक्नेछन् । फुटबल खेललाई माया गर्ने भावुक प्रशंसकहरूको सम्मानस्वरूप यामाहा रेजेडआर हाइब्रिड र केटीएम रेजेडआर्सले उत्साहपुर्वक यसको पहलकदमी लिएका हुन्। नेपाली खेलकुद र विशेषगरी फुटबललाई समर्थन गर्ने लामो इतिहास बोकेको यामाहा ए डिभिजन लिगमा समेत सक्रिय रुपमा संलग्न छ ।

यामाहाको एमएडब्लू टू ह्वीलर डिभिजनका अधिकारीहरूका अनुसार हेल्मेट र्याकको स्थापनाले फ्यानहरूमा फुटबलको रोमान्च अझै बढ्ने छ। यस पहलकदमी फुटबल उत्साहीहरूका लागि सुविधा, पहुँच र बढ्दो उत्साह प्रदान गर्नमा केन्द्रित रहेको छ ।

नेपाली खेलकुदलाई सहयोग गर्ने यामाहाको प्रतिबद्धतालाई नेपाल सुपर लिगसँगको साझेदारीले थप प्रगाढ बनाएको छ भने हेल्मेट र्याकको स्थापनाले फुटबलको मजामा अझै धेरै सहजता र आनन्द थपेको छ ।

# चालिस हजार गाँजाको बिरुवा नष्ट

**जलेश्वर–** महोत्तरीको एकडारा गाउँपालिका-५ स्थित बहेडा गाउँमा लुकाई छिपाई रोपिएका ४० हजार गाँजाको बिरुवा प्रहरीले नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट बिहीबार खटिएको टोलीले करिब चार बिगाहा क्षेत्रफलमा लगाइएको ती बिरुवा फँडानी गरेको हो । कार्यालयका प्रहरी उपरीक्षक प्रकाश मल्लले बहेडाको वनमा लुकाई छिपाई गाँजा खेती गरिएको भन्ने सूचनाका आधारमा २५ जनाको प्रहरी



टोली खटिएर गाँजा उखेलेर नष्ट गरेको बताए ।

# लक्ष्मी इन्टरकन्टिनेन्टलले ल्यायो "Hyundai New Year Delight 2024" योजना

काठमाडौं- हुन्डाई अटोमोवईल्सको आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल ले नयाँ वर्षलाई मध्यनजर गर्दै "Hyundai New Year Delight 2024" योजना ग्राहकहरु माझ ल्याएको छ ।

यो ग्राहकमुखि योजना यही पुष १६, २०८० देखि नेपाल भरिका सबै शोरुममा सुरु भएको छ। यस योजना अन्तर्गत, ग्राहकहरुले रु. ५,००,००० सम्मको आकर्षक नगद छुट, विद्युतीय गाडीको खरिद गर्दा प्रोत्साहन स्वरुप रु.५०, ००० सम्मको गो-ग्रीन बोनसका साथै गाडीको मोडल इएरको आधारमा रु. ५,००,००० सम्मको छुट प्राप्त गर्न सक्ने छन् यो योजनामा ग्राहकहरुले गाडी खरिद गर्दा १ वर्षसम्मको निःशुल्क बीमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउनेछन् ।

सबै हुन्डाई ICE गाडीहरुमा ३ वर्ष वारेन्टी, ६ वर्षको फ्रि सर्भिसिङ्ग र भ्ख गाडीको ब्याट्रीमा ८ बर्ष र मोटरमा २ बर्ष वारेन्टी उपलब्ध हुनेछन् । यस स्किमबाट हुन्डाईको कुनैपनि ज्बतअजदबअप, ऋृफउबअत क्ग्ख, क्ग्ख तथा भ्ख गाडी गाडी खरिद गरि फाईदा लिन सकिनेछ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि. ले नेपाल भरी १७ शोरुमहरु तथा १९ सर्भिस सेन्टरहरु र ४३ चारजिङ पोइन्टहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादक मध्येमा पर्दछ ।

यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरी करोडौं ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ । लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्राहकहरुको आवश्यकता र रुचिलाई ध्यानमा राखी हरेक वर्ष यस्ता ग्राहकमुखी अफर ल्याइरहेको छ ।

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ।
सैले,
म्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस